का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ असोज २०८०,
आइतबार
1 October 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २४८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

**एमाले अधिवेशन**

## नेतृत्वले रोक्न नसकेको चुनाव

नेकपा एमालेका शीर्ष नेतृत्वले सर्वसम्मत नेतृत्व चयनको अधिकतम प्रयास गरेपनि बागमती प्रदेशमा चुनाव भयो । यसअघि लुम्बिनी प्रदेशमा चुनावबाटै नेतृत्व चयन भएको थियो । बाँकी प्रदेशमा पनि सर्वसम्मत नेतृत्व चयन गर्ने पार्टी नेतृत्वको चाहना र प्रयास जारी छ, तर आकांक्षीहरु मतदानकै पक्षमा देखिन्छन् ।






**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ असोज

नेकपा एमाले वाग्मती प्रदेशको अध्यक्षमा कैलाश ढुंगेल निर्वाचित भए । पाँच जनाको उम्मेदवजारी परेकोमा चुनावी प्रतिस्पर्धामा ढुंगेल कृष्णप्रसाद दाहाल मात्रै थिए। प्रतिस्पर्धी दाहाललाई पराजित गर्दै ढुंगेल अध्यक्षमा निर्वाचित भएका हुन् ।

अध्यक्षमा निर्वाचित ढुंगेलले ६९६ मत पाए । उनका प्रतिस्पर्धी दाहालले ४३९ मत पाए । प्रदेश उपाध्यक्षमा दावा दोर्जे लामा निर्वाचित भए । उनले ६१५ मत पाए । सचिवमा नवराज सिलवालले एक मतले विजयी भए । सिलवालले ५६८ र हस्त पण्डितले ५६७ मत पाए । उपसचिवमा खुलातर्फ प्रेमबहादुर महर्जन र महिलातर्फ भक्तकुमारी लामाले जिते । महर्जनले ३६७ सहित जित निकाल्दा र लामाले ५९९ मत पाएर जितिन् ।

अर्थात्, पार्टी अध्यक्ष केपी शर्मा ओलीसहित शीर्ष नेताहरुले नै सर्वसम्मत नेतृत्व चयनको प्रयास गरेका थिए । तर चुनावबाट नेतृत्व चयन भयो । यसअघि लुम्बिन्धी प्रदेशमा पनि चुनावबाटै नेतृत्व चयन भएको थियो । बाँकी प्रदेशमा पनि सर्वसम्मत नेतृत्व चयन गर्ने नेतृत्वको चाहना र प्रयास जारी छ भने आकांक्षीहरु मतदानकै पक्षमा देखिन्छन् ।

एमालेको कोशी प्रदेश अध्यक्षमा विनोद ढकाल र घनश्याम खतिवडाबीच प्रतिस्पर्धा देखिएको छ। खतिवडालाई सर्वसम्मत अध्यक्ष बनाउने पार्टी अध्यक्ष केपी शर्मा ओलीसहित नेताहरुको प्रयास असफल भएपछि दुई नेताले प्रतिस्पर्धा भएको हो । पृष्ठ २ मा

लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज
- इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरीपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौ ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

*लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## मन्त्री अनिता देवीको 'मूभ'

जनमत नयाँ पार्टी भएको र सरकारमा रहेर के गरेको ? भन्नेहरुलाई जवाफ दिनुपर्ने जिम्मेवारीमा रहेको आफूले बुझेको भन्दै मन्त्री यादव त्यसका लागि कर्मचारीतन्त्रमा रहेको बेथिति र मनलाग्दीपन हटाउने अभियानमा रहेको बताउँछिन् ।



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १३ असोज

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा भएका कर्मचारीलाई तुरुन्त रमाना दिन निर्देशन दिएको छ। सरुवा भएका वा जिम्मेवारी अर्को ठाउँ तोकिएका कर्मचारीहरु हाजिर गर्न नजाने प्रवृति बढेपछि त्यसका विरुद्ध संघीय मामिलामन्त्री अनिता देवी एक्सनमा उत्रिएकी हुन् । त्यस्ता कर्मचारीलाई रमाना दिन सात दिने हदम्याद सहितको निर्देशन भएको छ ।

रमाना भएर जानुपर्ने धेरै कर्मचारीले हालसम्म पनि रमाना नलिएका कारण सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष असर परेपछि मन्त्रालय, आयोग, सचिवालय, कार्यालय, प्रदेश र स्थानीय तहलाई रामाना दिन निर्देशन दिएको हो । मन्त्रालयले नियम बमोजिम सरुवा, पदस्थापन, कामकाज, काज र काज फिर्ताका निर्णय बमोजिम नै रमाना दिन भनेको हो ।

स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहमा खटाइएका प्रमुख प्रशासकीय अधिकृतसहित संघीय निजामती कर्मचारीलाई प्रचलित कानून बमोजिम रमाना लिन निर्देशन दिएको छ ।

मन्त्रालयले निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना दिई ७ दिनभित्र यस मन्त्रालयमा जानकारी गराउनु पर्ने गरी संघीय मामिलामन्त्री अनिता देवीले पृष्ठ २ मा

## संसदमा सौहार्दताको खोजी

**यो वा त्यो नाममा संसदमा अवरोध भइरहने हुँदा संसदमा रहेका विजनेश अगाडि बढ्न पाएका छैनन् भने जनताका सरोकारका विषयले समेत स्थान पाउन सकेका छैनन्। फेरि पनि संसद सौहार्द हुने संकेतहरु देखा परेका छैनन्।**



सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन समिति बनाउने कुरामा सरकारले धोका दियो, संसदमा सरकारले गरेको बेइमानी, धोकाको हामी हिसाब किताब माग्छौं ।

**महेश बर्तौला**, सचेतक, एमाले



एमालेसँग छलफल भए पनि उनीहरुकै कारण सुन तस्करी जाँचबुझ आयोग गठनमा ढिलाइ भएको छ ।

**रमेश लेखक**
प्रमुख सचेतक, कांग्रेस



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ असोज

प्रमुख प्रतिपक्षी नेकपा एमालेले प्रतिनिधि सभा बैठकमा सरकारी विजनेश अगाडि बढ्न नदिने बताएको छ । सरकारले सुन तस्करीको विषयमा उच्चस्तरीय छानबिन समिति बनाउन आलटाल गरेको आरोप लगाउँदै एमालेले संसदमा फेरी आक्रामक रुपमा प्रस्तुत हुने बताएको हो ।

आइतबार दिउँसो १ बजेका लागि प्रतिनिधि सभाको बैठक बोलाइएको छ । उक्त बैठकमा शून्य र विशेष समय बाहेक सरकारको बिजनेस रहेको कार्यसूची प्रवेश गर्न नदिने एमालेका प्रमुख सचेतक महेश बर्तौला बताउँछन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको भन्सारको बाटो भएर पटक पटक भएका सुन तस्करीको विषयमा छानबिनका लागि उच्चस्तरीय छानबिन समिति बनाउन माग गर्दै एमालेले लगातार संसद् अवरोध पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## ओभरटाइम बुझाइको समस्याले दूतावासदेखि ताहाचलसम्म टाउको दुखाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असोज

वैदेशिक रोजगारमा मलेसिया गएका कामदारमा ओभरटाइम अर्थात अतिरिक्त समयको काम र त्यसवापतको तलब नपाएको गुनासो र असन्तुष्टि व्यापकरूपमा बढेको छ। नेपालबाट मलेसिया जानुअघि म्यानपावर कम्पनी र उनीहरूका सम्पर्क व्यक्तिले न्यूनतम तलबभन्दा अतिरिक्त समयको काम र त्यसवापतको तलबका बारेमा बढाइचढाइ गरेर बताउने तर कम्पनीमा पुग्दा नेपालमा भनिएअनुसारको अतिरिक्त समयको काम र त्यसवापतको तलब नपाउँदा उनीहरूले न्यूनतम तलबभन्दा ओभरटाइम काम र त्यसवापतको तलब भएन भन्दै छट्पटिने र म्यानपावर कम्पनीमाथि दवाब दिने गरेका छन् ।

मलेसियामा स्थानीय कामदार तथा विदेशी दुबै अवस्थामा रहेका कामदारको न्यूनतम तलब १५ सय रिँगेट छ । त्यसका लागि कामदारले महिनाको २६ दिन ८ घण्टाका दरले काम गर्नुपर्छ । जुन प्रतिघण्टा ७ रिँगेट हाराहारीमा हुन आउँछ । मलेसियाको श्रम कानूनअनुसार ओभरटाइम काम पाए नियमित तलबको डेढ गुणा अर्थात एक घण्टाको १० रिँगेट, बिदाको दिनमा ओभरटाइम काम गर्न पाए नियमित तलबको दोब्बर अर्थात एक घण्टाको २० रिँगेट र मलेसियाको सरकारी बिदाको दिनमा काम पाएमा तीन गुणा अर्थात ३० रिँगेट पाउने व्यवस्था छ । एउटै काम ओभरटाइमको अवधिमा गर्न पाउँदा कामदारको कमाइ डेढ गुणादेखि तीन गुणा बढी हुन्छ । लाभको यो स्थितिले कामदारमा ओभरटाइमप्रति आकर्षण बढाउनु स्वभाविक छ।

तर पछिल्ला दिनमा मलेसियामा नियमित ८ घण्टाको काम पनि नपाएको अवस्था छ। नियमित र ओभरटाइमवापत मासिक २५ सयदेखि ३ हजार रिँगेट करिब ९० हजार रूपैयाँ कमाउने आशामा मोटो रकम खर्च गरेर गएका कामदारका हातमा आश्वासनअनुसारको कमाइ छैन । मलेसियास्थित नेपाली दूतावासको शुक्रबारको साप्ताहिक पृष्ठ २ मा

युएईमा रोजगारको अवसर

United International Group

कम्पनी: UIG
(UNITED INTERNATIONAL GROUP)

पूर्व स्वीकृत मिति: २०७८/०९/२०
चलानी नं.: ६०१७२०४६ | LT. No.:255573 | पुन: विज्ञापन | शहर: UAE

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | स्काफोल्डर | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,६९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | मेशन | 25 | 0 | | 1000 | ३६,०९० | | | | | | | |
| 3. | सटरीङ्ग कारपेन्टर | 50 | 0 | | 1000 | ३६,०९० | | | | | | | |
| 4. | स्टील फिक्चर | 50 | 0 | | 1000 | ३६,०९० | | | | | | | |
| 5. | लेबर/हेल्पर | 100 | 0 | | 800 | २८,८७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावरको कार्यालय काठमाडौंमा २०८० असोज १४ (आज), १६ (पर्सी) र १७ गते (1, 3 & 4 October 2023) मा हुनेछ ।
शाखा कार्यालय बिर्तामोड, ईटहरीमा २०८० असोज १५ (भोली) (2 October 2023) मा हुनेछ ।

नोट:
- उल्लेखित पदमा ट्रेनिङ गरेको, नेपाल मै काम गरेको या गल्फ रिटर्न सबैले अन्तर्वार्ता दिन सकिने ।
- उमेर २० वर्ष देखि ४० वर्षसम्म ननाघेको हुनु पर्नेछ ।
- एप्रुभल रेडि भएकाले २ हप्ता भित्र उडिसक्नु पर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175502 | 9801175503 | 9801051244
Itahari- 025-587587 | 9801175497, Birtamod- 023-533076 | 9806095018
श्रम इजाजत नं. ६३९/०६३/०६४

हार्दिक बधाई



महम्मद जबारदिन मिया (मुन्ना)

यस प्रा.लि.का सञ्चालक **महम्मद जबारदिन मिया (मुन्ना)**ज्यू नेपाली कांग्रेसको भातृ संगठन **नेपाल मुस्लिम संघ**को तेस्रो केन्द्रीय महाधिवेशनबाट उपाध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलता**को शुभकामना व्यक्त गर्दछौं । साथै नेपाल मुस्लिम संघको उपाध्यक्ष बनाउन सहयोग गर्नुहुने आदरणीय नेता नेपाली कांग्रेसका सहमहामन्त्री फरमुल्लाह मन्सुर, पार्टीका केन्द्रीय सदस्य तथा संघका संस्थापक अध्यक्ष अब्दुल सत्तार, पार्टी केन्द्रीय सदस्यज्यूहरु अर्जुन प्रसाद जोशी, अब्दुल रज्जाक, जुबेदा खातुन, संघका अध्यक्ष अत्ताबुल मन्सूरी, पूर्ववरिष्ठ उपाध्यक्ष मो. निजामुद्दिन तथा संविधान सभा सदस्य माननीय मोख्तार अहमदलागायत सम्पूर्ण आदरणीय नेता तथा महाधिवेशन प्रतिनिधिज्यूप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

अल-जाफर ईन्टरनेशनल प्रा. लि., परिवार
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# सरकार र चिकित्सकबीच ६ बुँदे सहमति



**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असोज

नेपाल सरकार र आन्दोलनरत चिकित्सकबीच सहमतिमा भएको छ । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थितिमा गृह मन्त्रालयमा शनिबार भएको वार्तामा ६ बुँदे सहमति भएको हो ।

सहमतिपत्रमा स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको भरपर्दो सुरक्षा व्यवस्था मिलाउने, त्यसका लागि सुरक्षा समन्वय समितिलाई सक्रिय बनाउने, दोषीलाई कानूनअनुसार कारबाही गर्ने, कानून संशोधन गरेरै भएपनि दोषीलाई हदैसम्मको कारबाहीका गर्ने र त्यसका लागि आवश्यक कानून संशोधन प्रक्रिया अघि बढाउने, कुटपिट र दुर्व्यवहारका घटनाको कारक पत्ता लगाउन उच्चस्तरीय कार्यदल गठन गर्ने र आन्दोलनरत पक्षले आन्दोलनका कार्यक्रम फिर्ता लिने सहमति भएको छ ।

पछिल्लो समय पोखरा, चितवन, हेटौंडा, कञ्चनपुर, बेलौरी, लमजुङ, पाटनलगायतका अस्पतालमा चिकित्सकमाथि भएको दुर्व्यवहारका दोषीलाई तत्काल पक्राउ गरी कारबाही गर्नुपर्ने र चिकित्सक सुरक्षाको निश्चितता गर्नुपर्नेलगायतका माग सङ्घर्ष समितिले राखेको थियो ।

सहमतिपत्रमा स्वास्थ तथा जनसंख्या मन्त्रालयका निमित्त सचिव डा.दीपेन्द्ररमण सिंह र स्वास्थकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समितिकाको संयोजक डा.शेषराज घिमिरेले हस्ताक्षर गरेका छन् । सहमतिसँगै चिकित्सकले आन्दोलनका कार्यक्रम फिर्ता लिएका छन् ।

# गौरको सिया प्यालेसबाट डेढ दर्जन 'टिकटक स्टार' प्रहरी नियन्त्रणमा

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १३ असोज

होहल्ला गरेको आरोपमा प्रहरीले डेढ दर्जन 'टिकटक स्टार'लाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी उपरीक्षक महेन्द्र कुमार श्रेष्ठले सिया प्यालेस होटेलमा मदिरा सेवन गरी होहल्ला तथा अभद्र व्यवहार गरेको आरोपमा टिकटक स्टार पक्राउ परेको जानकारी दिए ।



पक्राउ पर्नेमा गरुडा नगरपालिका वडा नम्बर १ जयनगरका राज कुमार साहसहितका टिकटक स्टार रहेका छन् । पक्राउ गरिएका सबै दोषी नरहेको र घटनाबारे अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक श्रेष्ठले बताए ।

बिहीबार राति १२ बजेसम्म प्यालेसको तलको हलमा अश्लील नृत्य तथा होहल्ला भइरहेको सूचना स्थानीय प्रशासनले पाएपछि प्रहरी त्यहाँ पुगेको । प्रहरी पुग्नसाथ अन्दाजी डेढ सयभन्दा बढीको संख्यामा रहेका दर्शक भागेका थिए ।

# समाजवादी महिला संघद्वारा जितिया पर्वका अवसरमा शुभकामना आदान प्रदान

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १३ असोज

जितिया पर्वको अवसरमा समाजवादी महिला संघ नेपालले सिरहमा शुभकामना अदान-प्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

वन तथा वातावरण मन्त्री डा.वीरेन्द्र महतोको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा समाजवादी महिला संघ नेपालकी जिल्ला अध्यक्ष जानकी यादवको अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि महतोले हिन्दु महिलाहरुको जितिया पर्व धेरै ठूलो पर्व रहेको भन्दै यसले घर-घरमा सुख शान्ति तथा परिवारमा एकआपसमा मेलमिलाप ल्याउने बताए ।



मन्त्री महतोले भने,'नारीलाई सम्मान गर्नुपर्छ । नारी भएर हामी आज यहाँ छौं ।'

कुनै पनि सफलताको कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा नारीको ठूलो भूमिका रहेको चर्चा गर्दै जितिया पर्व निकै एतिहासिक पर्वका रूपमा रहेको उनले बताए ।

कार्यक्रममा महिलाहरुले रातो नयाँ बस्त्रमा सिंगारिएर नृत्य प्रस्तुत गर्दै रमाइलो गरेका थिए । यस्तै विभिन्न झाँकीहरु प्रस्तुत गरी जितिया पर्वको शुभ कामना अदान-प्रदान गरिएको थियो । कार्यक्रममा प्रदेश सांसद ललिता दास, जिल्ला समन्वय समितिका सभापति दिनेश महतो, अर्नमा गाउँपालिका अध्यक्ष अशोक यादव निर्माण यादव, लहान नगर प्रमुख महेश चौधरी उपप्रमुख राम चरित्र महतो, निर्माण यादव , संजिला यादव, तिरपुरा झा, बिनिता यादव, सुलेखा यादव लगायतको उपस्थिति रहेको थियो ।


## साउदीमा रोजगार

कम्पनी: GULF PROMOTION SIGNAGE AND ADVERTISING CO.
शहर : JUBAIL

पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८३९० LT. No.:293313

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labeling Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४६,०३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | WELDER | 1 | 0 | | 1300 | ४६,०३३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २१ गते (8 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

SUGAM OVERSEAS PVT. LTD.
सुगम ओभरसिज प्रा. लि.
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm



## साउदीमा रोजगार

कम्पनी : DAWAAM AL SAADAH FOR FAST FOOD EST.
शहर : Dammam

पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८४२० LT. No.: 293302

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : FATEFEAT BAKERY शहर : Saudi Arabia, Dammam

पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८४२१ LT. No.: 293240

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Utensils Cleaning labor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading Unloading Labour | 2 | 0 | | 1000 | ३५,३५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २१ गते (8 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को नि:शुल्क क.नं. २ को १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

S.N. RECRUITING SERVICE PVT. LTD.
Govt. License 1284/074/75
S.N.Recruiting Service Pvt.Ltd.
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884
E-mail : snrecruitingnepal@gmail.com


## एमाले...

केन्द्रीय नेताहरुले सर्वसम्मत नेतृत्व चयनको प्रयास गरेका थिए । तर खतिवडालाई सर्वसम्मत अध्यक्ष बनाउने कतिपय केन्द्रीय नेताको प्रस्ताव मान्न ढकाल तयार भएनन् ।

मदन भण्डारी फाउण्डेसन मार्फत् एमालेमा केपी शर्मा ओलीको गुट स्थापित गर्दा ढकाल प्रमुख खम्बा थिए । तर, पछिल्लो समय अध्यक्ष ओलीसँग ढकालको सम्बन्ध चिसिएको छ । ढकाललाई साथ दिइरहेका एमाले उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको निधन भएका कारण पनि कतिपय नेताले ढकालको साथ छाडेका छन् ।

एमाले कर्णाली प्रदेशमा नयाँ नेतृत्व चयनका लागि पनि चुनाव हुने देखिएको छ । त्यहाँ

अध्यक्षका उम्मेदवारी मध्ये राजबहादुर शाही र प्रेमबहादुर सिंहले उम्मेदवारी फिर्ता लिएपनि गुलावजंग शाह, मिनबहादुर शाही र प्रकाश रोकायाले प्रतिस्पर्धी छन् । यी तीन मध्ये शाह र शाही मुख्य प्रतिस्पर्धी छन् । उपाध्यक्षमा दानसिंह परियार, टेकराज पछाई र लालबहादुर महतराको उमेदवारी परेको छ । सर्वसम्मत नेतृत्व यचयनको प्रयास भए पनि सहमति नभएपछि निर्वाचनबाटै प्रदेश कमिटी चयन हुने अवस्था बनेको हो ।

सुदूरपश्चिम र मधेशमा पनि चुनावबाटै नेतृत्व चयन गर्नुपर्ने अवस्था निर्माण हुँदै गएको छ । सुदूरपश्चिममा अध्यक्षका आकांक्षी अरु प्रदेशजस्तै दुई भन्दा बढी देखिएको छ । आकांक्षा राख्नेमा कृष्णप्रसाद जैसी, लालबहादुर थापा, झपट रावल, कमला बोहोरा, बचनबहादुर सिंह लगायत छन् । तर जैसी र थापाबीच मुख्य प्रतिस्पर्धा हुने नेताहरुले बताइरहेका छन् ।

मधेशमा सुमनराज प्याकुरेल, पुरुषोत्तम पौडेल, रेवती पन्त, राजकिशोर यादव लगायतले आकांक्षा राखेका छन् । यहाँ पनि सर्वसम्मत हुने संभावना कम रहेको नेताहरुको बुझाइ छ । दुई वर्षअघि २०७८ मंसिरमा भएको नेकपा एमाले को १० औं महाधिवेशन अध्यक्ष ओलीले चाहेअनुसार भएको थियो । सर्वसम्मतबाटै नेतृत्व चयनको ध्याउन्नमा रहेका ओलीले चुनाव त गराए, तर नतिजा आफू अनुकूल आउने पक्कापक्की भएपछि मात्रै चुनाव गराएका थिए । यसपटक जारी प्रदेश अधिवेशनमा पनि ओलीले सर्वसम्मतको प्रयास गरेका थिए । तर, उनले चाहे अनुसार लुम्बिनीमा परिणाम आउन नसकेको टिप्पणी भइरहेका बेला चुनावबाटै बागमती प्रदेशमा ओली पक्षका भनिएका ढुंगेलले चुनाव जितेका छन् ।

ओलीले प्यानल नबनाउन निर्देशन दिएको भए पनि केन्द्रकै पदाधिकारीले प्रदेश अधिवेशनमा गुट बनाएको प्रस्ट देखिएको छ । बागमतीमा ढुंगेललाई पार्टी अध्यक्ष ओली, महासचिव शंकर पोखरेल लगायत नेताहरुकै समर्थन थियो ।

## मन्त्री...

मन्त्रीस्तरीय निर्णय गरेकी छिन् । अहिले सरुवा भएका कर्मचारीहरु रमाना नलिई साविककै कार्यालयमा बसिरहने विकृति मौलाएको छ । सम्बन्धित कार्यालयले पनि विभिन्न बहानामा रमाना नदिने समस्या समेत छ । सरकारले सरुवा गर्दा तोकिएका कार्यालयमा समयमै नजाने प्रवृत्ति मौलाएपछि ७ दिनको समय दिएर परिपत्र गरेको हो ।

जनमत पार्टीका तर्फबाट सरकारमा रहेकी मन्त्री अनिता देवी साह प्रचण्ड नेतृत्वको सरकारमा मन्त्री हुनका लागि मात्रै मन्त्री नभएको बताउँछिन् । आफ्नो व्यक्तिगत राजनीतिक जीवन र पार्टीको जीवन समेत आफ्नो काममा जोडिएको उनलाई लाग्छ । जनमत नयाँ पार्टी भएको र सरकारमा रहेर के गरेको भन्नेहरुलाई जवाफ दिनुपर्ने जिम्मेवारीमा रहेको आफूले बुझेको भन्दै उनी त्यसका लागि कर्मचारीतन्त्रमा रहेको बेतिथि र मनलाग्दीपन हटाउने अभियानमा रहेको बताउँछिन् ।

अनिताले २०७९ वैशाख ३० गते चुनावको पहिलो अनुभव बटुलेकीप थिइन् । उनी जनकपुरधाम उपमहानगरपालिकाको मेयर पदमा जनमतबाट उम्मेदबार बनेकी थिइन् । मंसिर ४ मा भएको प्रतिनिधि सभा चुनावमा जनमत पार्टीबाट समानुपातिकतर्फ प्रतिनिधि सभा सदस्य बनिन् ।

पार्टीमा देखिएको सक्रियता र लगनशीलताले केही समय पश्चात अनितालाई जनमतले केन्द्रीय सचिवमा मनोनीत गऱ्यो । हाल अनिता जनमत पार्टीको केन्द्रीय सचिव समेतको जिम्मेवारीमा छिन् । ओरेक नेपालको सदस्यदेखि सल्लाहकारको भूमिकासम्म निर्वाह गरेकी अनितासँग जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेलको सदस्यको रुपमा काम गरेको अनुभव छ ।

'झण्डै डेढ दशकसम्म विभिन्न गैरसरकारी संस्थामा आबद्ध हुँदा समाजको वास्तविक समस्या बुझें र राजनीतिमा लाग्दा घरपरिवारको राम्रो सहयोग पाएकाले नै यहाँसम्मको यात्रा तय गरेँ,' मन्त्री अनिता देवी भन्छिन्, 'मन्त्रीका रुपमा पनि केही न केही नयाँ गर्ने कोसिस गर्नेछु ।'

## संसदमा...

गरेपछि सरकार सो मागमा सहमत भएको थियो । गत भदौ ६ गते प्रधानमन्त्री सहित प्रमुख प्रतिपक्षी दल नेकपा एमाले, सत्ता गठबन्धन दलका प्रतिनिधिबिच असोज ५ गतेभित्र उच्चस्तरीय छानबिन समिति बनाउने सहमति भएको थियो । त्यसअघि गत साउन १० गतेदेखि एमालेले सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन समितिको माग गर्दै संसद अवरुद्ध गर्दै आएको थियो भने पटक पटक भएको छलफल निष्कर्षमा पुग्न सकेको थिएन ।

सरकारसँग सहमतिपछि संसद् सुचारु भए पनि फेरी एमालेले आफ्नो मागलाई जोड तोडका साथ उठाउने भएको छ । एमाले सचेतक बर्तौला भन्छन्, 'सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन समिति बनाउने कुरामा सरकारले धोका दियो, संसदमा सरकारले गरेको बेइमानी, धोकाको हामी हिसाब किताब माग्छौं ।'

गत भदौ ६ गते मन्त्रिपरिषद बैठकको निर्णय सुनाउँदै सरकारकी प्रवक्ता समेत रहेकी सञ्चारमन्त्री रेखा शर्माले सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन समिति बनाउन सरकारले प्रक्रिया अघि बढाउन लागेको बताएकी थिइन । सत्तापक्ष दलले एमालेसँग यसका लागि छलफल भइरहेको तर सीआईबीको अनुसन्धानलाई नमान्ने बताएका कारण प्रक्रियामा अवरोध भएको बताएको छ । तर एमाले भने सरकारको बिजनेस रोक्ने तयारीमा छ ।

तर सत्तारुढ दलहरु उच्चस्तरीय छानबिन समिति बनाउनका लागि एमालेसँग निरन्तर छलफल भइरहेको बताउँछन् । माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले एमालेसँग सत्तापक्षले निरन्तर छलफल गरे पनि एमाले सहमति आउन नचाहेको बताए ।

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले एमालेसँग छलफल भए पनि उनीहरुकै कारण समिति गठनमा ढिलाइ भएको बताए ।

आइतबार बस्ने प्रतिनिधि सभाको बैठकमा सभामुखले राष्ट्रपतिको कार्यालयबाट आएको कार्यभार तोकिएको सम्बन्धी पत्रको ब्यहोरा पढेर सुनाउने, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार तोकिएको सम्बन्धी पत्रहरूको ब्यहोरा पढेर सुनाउने कार्यसूची रहेको छ ।

यस्तै, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईले विद्यालय शिक्षा विधेयक, २०८० पेश गर्ने कार्यसूची पनि रहेको छ ।

अर्थात, यो वा त्यो नाममा संसदमा अवरोध भइरहने हुँदा संसदमा रहेका विजनेश अगाडि बढ्न पाएका छैनन् भने जनताका सरोकारका विषयले समेत स्थान पाउन सकेका छैनन् । फेरि पनि संसद सौहार्द हुने संकेतहरु देखा परेका छैनन् ।

## ओभरटाइम...

फेसबुक कार्यक्रममा सहभागी नेपाली कामदारहरुले राहदानी नवीकरणसँगै ओभरटाइम काम र तलब नपाएको भन्दै सिकायत गरे । नेपाली दूतावासले न्यूनतम तलब १५ सय रिँगेटको जिम्मेवारी दूतावासले लिने तर ओभरटाइम काम र तलब कम्पनीको अवस्थामा भरपर्ने भन्दै ओभरटाइम काम नपाएको विषयमा गुनासो नगर्न नेपाली कामदारसँग आग्रह गरेको छ ।

यता वैदेशिक रोजगार विभाग ताहाचलमा मलेसिया गएका कामदारको अतिरिक्त समयको काम नपाएको गुनासो व्यापकरूपमा आउने गरेको छ । मलेसियामा अतिरिक्त समयको काम नदिएकोले नेपाली म्यानपावर कम्पनीले त्यसवापतको रकम क्षतिपूर्ति स्वरूप दिनुपर्ने दबाब विभिन्न दलका नेता र मुख्यगरी प्रतिनिधि सभाका सांसदहरूमार्फत दिने गरिएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको वैदेशिक रोजगार विभाग ताहाचल समन्वय समितिका संयोजक एवम् संघका सचिव कर्णराज कटुवाल दुई वर्षको करारमा गएका कामदारहरुले १० महिनामै फर्केर अतिरिक्त समयको कामको तलब दिलाउने जस्ता अनगिन्ती दबाब दिने गरेको बताउँछन् । समन्वय समिति सदस्य रहेका कार्यसमिति सदस्य देउमान नेम्वाङ ओभरटाइमलाई पनि न्यूनतम तलबभित्रै राखेर बुझ्ने कामदारको प्रवृत्तिले म्यानपावर कम्पनी र कामदारबीच असमझदारी बढाएको बताउँछन् ।

मलेसियामा ओभरटाइमवापतको पारिश्रमिकबारे स्पष्टता भएपनि उक्त तलब भुक्तानीको विषयमा अन्तरष्ट्रियस्तरमा नै कुरा उठ्ने गरेको छ । केही समयअघि अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले मलेसियामा आप्रवासी कामदारले ओभरटाइम कामवापतको भुक्तानी समस्या समाधान हुनुपर्ने भन्दै मलेसिया सरकारलाई दबाब दिएको थियो ।

मलेसियामा गरिएको एक अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै आईएलओले विशेषगरी अनुमति दिइएको अर्थात स्वीकृत ओभरटाइमको तलब नदिइएको भन्दै समस्याहरू पहिचान र समाधान गर्न आग्रह गरेको थियो ।

तर नेपालका वैदेशिक रोजगार व्यवसायी मलेसियामा स्वीकृत नभएको ओभरटाइमको तलबको दबाबमा परेको बताउँछन् । म्यानपावर कम्पनीहरूले ओभरटाइम कामदारको अधिकार नभइ मलेसियामा कम्पनी सञ्चालन हुने आधारमा अतिरिक्त काम पाउने या नपाउनेबारे तय हुने बताउने गरेका छन् ।


Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Federal Project Implementation Unit, Rupandehi
Ph. No. 071-526251, 521202, Fax No.071-520176, E-mail: fpiu.rupandehi@gmail.com

## INVITATION FOR BIDS (IFB)

IFB NO.: FPIURupandehi/04-080/081
DATE OF PUBLICATION: 2080-06-14 BS (2023-10-1 AD)

Department of Urban Development & Building Construction, Federal Project Implementation Unit, Rupandehi invites electronic bids for construction of following works under NCB procedures. All other information and bid documents can be downloaded from PPMO'S website: www.bolpatra.gov.np/egp (FPIURupandehi). All eligible bidders are requested to submit bid with the requested documents within mentioned period.

| S.N. | Contract No./ Bid No. | Description of Works | Estimated Amount (Without VAT & Contingencies) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|
| 1. | DUDBC/FPIU/ Rupandehi/Works/ NCB/18/080/81 | Maintenance of Community Building At Tansen Municipality-1, Chandisthan | 25,73,290.19 | 80,000.00 | 3,000.00 | 2023-10-31 (2080-07-14) 12:00 Hours |
| 2. | DUDBC/FPIU/ Rupandehi/Works/ NCB/19/080/81 | Upgradation of Road At Raksyaha Nayagaun Bartung, Tansen Municipality-Palpa | 42,87,036.88 | 1,35,000.00 | 3,000.00 | |
| 3. | DUDBC/FPIU/ Rupandehi/Works/ NCB/20/080/81 | Upgradation of Road At Tansen Ward no-6, From Janapriya Ma.Bi.-Palepipal upto Sidhdhartha Highway. | 25,84,952.19 | 80,000.00 | 3,000.00 | |
| 4. | DUDBC/FPIU/ Rupandehi/Works/ NCB/21/080/81 | Road Upgrading Work At Rampur Municipality-ward no. 3, 4, 5 -Palpa (Package-01) | 1,46,28,300.38 | 4,50,000.00 | 3,000.00 | |
| 5. | DUDBC/FPIU/ Rupandehi/Works/ NCB/22/080/81 | Upgradation of road in Namasta Margh in Tillotama Municipality-04, Rupandehi | 42,88,990.42 | 1,35,000.00 | 3,000.00 | |
| 6. | DUDBC/FPIU/ Rupandehi/Works/ NCB/23/080/81 | Upgradation of Road in Tillotama Municipality-05, Prabathpath to Siddhartha Highway way to Puspapath | 42,88,983.03 | 1,35,000.00 | 3,000.00 | |
| 7. | DUDBC/FPIU/ Rupandehi/Works/ NCB/24/080/81 | Upgradation of Road in Tillotama Municipality-06, West Pahuni Tole Shiva Mandir East North to Salghari Basti | 85,66,582.27 | 2,60,000.00 | 3,000.00 | |

Project Chief

# प्रदेश सरकार खारेज गरेर स्थानीय तहलाई बलियो बनाउनुपर्छ : लिङ्देन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १३ असोज

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष, पूर्व उपप्रधान तथा उर्जामन्त्री राजेन्द्र लिङ्देनले प्रदेश सरकार खारेज गरेर स्थानीय तहलाई बलियो बनाउनुपर्ने बताएका छन् । कतारमा आफ्नो संगठन मातहत रहेको प्रवास संगठन प्रवासी नेपाली एकता समाज (पानस) कतारको दोस्रो वार्षिकोत्सवलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

राष्ट्र, राष्ट्रियता र जनचासोको विषय समेटेर करिब डेढ घण्टा सम्बोधन गरेका लिङ्देनले नेपालमा संघीयता आवश्यक रहे पनि तीन तहको सरकारको खाँचो नरहेको बताउँदै प्रदेश सरकार खारेज गरी स्थानीय तहको सरकारलाई बलियो बनाउनुपर्ने बताए । प्रवासी नेपालीहरूको अपमान नेपालमा रहेका विमानस्थलबाट हुने गरेको तितो अनुभव सुनाए ।

उनले क्विन्टल सुन छिर्ने एयरपोर्टबाट कामदारका ग्रामका गहना रोकिनु दुखद रहेको बताए । प्रवासी नेपालीहरूको रेमिट्यान्सकै कारण नेपालको अर्थतन्त्र धानिएको बताउँदै उनले सबैले चाहेको खण्डमा यही कालमै देशमा परिवर्तन सम्भव रहेको बताए ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका लिङ्देनले आफ्नो देशलाई समृद्ध बनाउन मत दिने बेलामा पुनर्विचार गर्न अनुरोध गरे । 'प्रवासमा रहेका मतदाता तथा तपाईंहरुलाई मासु भात खुवाउन नपर्ने हुनुहुन्छ' भन्दै उनले



परिवर्तनका लागी उभिन अनुरोध गरेका थिए । 'चुनावमा नेतालाई जिताउन सहयोग गरेको युवा तिनै नेताका कारण प्रवास पुगेर मृत्युवरण' गर्नु परेको तितो अनुभव आफूसँग रहेको बताउँदै उनले परिवर्तन सहित विकसित नेपालका लागी सबैले आफ्नो ठाउँबाट विचार र मत परिवर्तन गर्न आवश्यक रहेको बताए ।

नेतालाई मात्र गाली गरेर देश नबन्ने हुँदा कहिलेकहीँ आफूलाई चिमोट्न पनी जरुरी रहेको उनको भनाइ थियो । नेपालमा संघीयता शुरु हुनुपूर्व ६ खर्ब ऋण रहेको र हाल त्यो बढेर २३ खर्ब ऋणमा परेको बताउँदै हरेक महिना तलब घरमा पठाउने श्रमिकका नाममा पनि ७१ हजार रुपैयाँ ऋण सरकारले लगाइदिएको बताए ।

वडा सदस्यदेखि पूर्वउपराष्ट्रपतिसम्मका नेताहरूलाई तलब भत्ता र मनोनीतसहित ४० हजार हाराहारीमा रहेका कर्मचारीलाई तलब खुवाउन परेको तितो यथार्थ सुनाउँदै उनले खाडी तथा मलेसियाको विकास गरेका नेपालीले नेपालको विकास गर्न शक्ति खर्चनु पर्ने बेला आएको बताए ।

एकता समाजका अध्यक्ष तिलक श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रमलाई केन्द्रीय सदस्य तोयानाथ लम्साल र आनन्द अधिकारीले पनी सम्बोधन गरेका थिए । कार्यक्रम संयोजक लक्ष्मी सुन्दर त्वनावाशुले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई सुरेन्द्र बहादुर चन्दले सहजीकरण गर्दा प्रोटोकल गडबडीले खल्लो र हलमै आलोचित बनेको थियो ।

शुभकामना मन्तव्य राख्न कसलाई कहाँ र कसरी दिने भन्ने सामान्य कुराको ख्याल कार्यक्रम सञ्चालकले नगरिदिँदा जनसम्पर्क समिति कतारका उपसभापति ठाकुर कुमार परियाले आफ्नो शुभकामना मन्तव्यकै क्रममा पोडिएमबाट कडा आलोचना गरेका थिए ।

लिङ्देन पोडिएममा उभिएसँग सम्हालिएको कार्यक्रमको समापन गर्दै सभापति श्रेष्ठले कार्यक्रममा भएका र प्रोटोकलका उपर भएका गल्तीको लागी माफी माग्दै संगठनको लागी सहयोग र असहयोग दुवै पाएको दुखेसो पोखे । अन्तिम समयमा हल परिवर्तनका कारण धेरै अप्ठेरो भोग्नु परेको स्मरण गर्दै उनले अनेकन कष्टका बाबजुद कार्यक्रम सफल भएको बताए ।

कार्यक्रम मार्फत दोस्रो अधिवेशनबाट निर्वाचित कार्यसमितिका पदाधिकारीहरूलाई निर्वाचित प्रमाण पत्र, प्रमुख अतिथिलगायत नेपालबाट आमन्त्रित अतिथिलाई मायाको चिनो प्रदान गरिएको थियो भने सयौं व्यक्तिहरू संगठनमा प्रवेश गरेका थिए ।

# देवदहवासीको स्वास्थ्य परीक्षणमा सक्रिय बन्दै लायन्स क्लब

**निशान्त पाठक/मध्यान्ह**
देवदह, १३ असोज

लायन्स क्लब अफ देवदहले नियमित सामाजिक क्रियाकलाप अन्तर्गत शनिबार रुपन्देहीको देवदहमा एक हजार ७ सय ५४ जनाको सुगर तथा रक्तचाप परीक्षण गरेको छ ।

देवदहमा मुख्य कार्यालय रहेको कोलिय देवदह बचत तथा ऋण सहकारी संस्थाको १८ औं साधारण सभाको अवसर पारेर दुई सेवा केन्द्रमा शनिबार एकै पटक सेयर सदस्यहरुको स्वास्थ्य परीक्षण गरेको हो । ४ हजार ९ सय भन्दा बढी सेयर सदस्य रहेको सहकारीको खैरेनी सेवा केन्द्रमा मात्र क्लबले १ हजार ३ सय ४२ जनाको स्वास्थ्य परीक्षण गरेको क्लबका अध्यक्ष मनबहादुर क्षेत्रीले जानकारी दिए ।




सो क्रममा १ सय ३४ जनालाई सुगरको समस्या देखिएको क्लबले जनाएको छ । त्यसैगरी १ हजार २ सय भन्दा बढी सदस्य रहेको सहकारीको घोडाहा सेवा केन्द्रमा समेत ४ सय १२ जनाको स्वास्थ्य परीक्षण गरिएको छ। सोहि क्रममा ३६ जनालाई सुगरको समस्या देखिएको क्लबका कोषाध्यक्ष अजय चापागाईंले जानकारी दिए ।

श्री कृष्ण पोलिक्लिनिक देवदह र खैरेनी पोलिक्लिनिकको प्राविधिक सहयोगमा क्लबले स्वास्थ्य परीक्षण कार्य गरेको पूर्व अध्यक्ष बिष्णु ज्ञवालीले जानकारी दिए। पछिल्लो क्रममा देवदह क्षेत्रमा सुगरका बिरामी उल्लेख्य बढेको पाइएकोले गत वर्षबाटै सुगर परीक्षण अभियान सञ्चालन गरेको ज्ञवालीले बताए । गत वर्ष १० हजार ६ सय १६ जनाको सुगर परीक्षण गरेको क्लबले यो वर्ष २० हजार जनाको परीक्षण गर्ने लक्ष्य राखेको छ ।

स्वास्थ्य क्षेत्रमा कामहरु गरिरहेको देवदह लायन्स क्लबले लायन्स आँखा अस्पताल स्थापना गरी देवदह ५ बैकुण्ठनगरस्थित आफ्नै कार्यालयबाट साताको दुई दिन आँखा परीक्षण समेत गर्दै आएको छ ।

प्रत्येक हप्ताको सोमबार र शुक्रबार उक्त अस्पतालमा दक्ष प्राविधिकहरुद्वारा आँखा परीक्षण हुने गर्छ ।

यसैगरी केही महिनायता क्लबले स्थानीय विद्यालयमै पुगेर विद्यार्थीहरुको आँखा परीक्षण गर्ने गरेको र परीक्षणको क्रममा आँखाको समस्या देखिएका बिरामीहरुलाई निःशुल्क रुपमा चस्मा वितरण गरिएको क्लबका संस्थापक अध्यक्ष बिष्णुप्रसाद पौडेलले बताए ।


## माडी गाउँपालिका
## माडी गाउँ कार्यपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा

**बोलपत्र दरभाउ पत्र आह्वान**

**पहिलो पटक प्रकाशित मितिः २०८०।०६।१४**

यस माडी गाउँपालिका, रोल्पा अन्तर्गत निम्न बमोजिम को खरिद कार्य बोलपत्र दरभाउपत्र द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली अनुभबी सप्लायर्सहरु बाट e-Bid आह्वान गरिन्छ । विस्तृत जानकारी https://bolpatra.gov.np/egp/ मा उपलब्ध छ ।

| खरिद नं. | कामको विवरण | ल.ई. रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर | वोलपत्र /दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| MRM/TB/GOOD/NCB/01-080/081 | पेदिखोला-सिंजेखोला-गुडुङवाङखोला ट्रस पुलका लागि स्टील पार्ट फेब्रिकेसन र खरिदकार्य | २४,७१७७७८ | ६५,०००/- | ३०००/- | २०८० कार्तिक १४ गते अपरान्ह १२:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**



## Invitation for Sealed Quotation

## Tikapur Municipality
## Office of the Municipal Executive
**Tikapur, Kailali**
**Sudurpashchim Province, Nepal**

**Invitation for Sealed Quotation for the Supply and Delivery of Medicine to Tikapur Municipality Office**

**Date of publication: 2080-06-14**

1. Tikapur Municipality Office has allocated funds to cover eligible payment under the contract for supply and Delivery ofv Health medicine and Surgical ítems to Tikapur Municipality Office.
2. The Tikapur Municipality, Kailali invites sealed quotations from registered Suppliers for the Supply and Delivery of Medicine to Tikapur Municipality Office, Tikapur kailali.

| SN | Contract ID. | Contract Name | Bid Security Amount | Bid Document Cost |
|---|---|---|---|---|
| 1.0 | TMO/SQ/GOODS/06/2080/081 | Supply and Delivery of Medicine to Tikapur Municipality Office | Nrs.75,000.0 | NRs:1000.0 |

3. Eligible Suppliers may get further information on telephone: 091-56118, email: tikapurmun@gmail.com or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
4. Bidders shall have submit their bid electronically only. No hard copy will be provided or accepted in the office.
5. Sealed Quotation Must Be submitted through e-procurement Portal www.bolpatra.gov.np/egp. before 12:00 hour, 2080/06/29 and Bids shall be opened in the presence Or in the absence of Bidders' representatives chosen by Bidders to attend at 14:00 hour and 2080/06/29 at the office of Tikapur Municipality, Tikapur kailali
6. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for 30 days beyond the bid validity period.
7. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Office Account No. **10703000003000000001**at Nepal Bank Ltd., Tikapur, Branch and submit the receipt of the deposited amount of cash along with the bid document and for Bid Document Fee Bidder should deposit cash in Office Account no:..**10703000001001000001 (Revenue Heading No:14229)** at Nepal Bank Ltd., Tikapur, Branch
8. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. Bidders are advised to visit PPMO site and assess the BOQ before submitting their bids.
10. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

**Chief Admistrative Office**



## Invitation for Bids

## Bagmati Rural Municipality
## Office of the Rural Municipal Executive
**Bhattedanda, Lalitpur**

**Invitation for Bids No.: BAGL/NCB/WORKS/080/081-08**

**Date of publication: 01-10-2023**

1. Bagmati Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of Additional storey of administrative building of ward no 4 office, Pyutar under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 34,29,594.33 (Exclusive of VAT and Contingencies).
2. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit a non-refundable fee of NRs. 3,000.0 for the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **Kumari Bank Ltd.** |
| **Name of the Office** | : | **Bagmati Rural Municipality** |
| **Office Account no** | : | **0790034694200007** |
| **Rajaswa (revenue) Shirshak no :** | | **GA-03** |

3. Pre-bid meeting shall be held at the date and time given in the bid document.
4. Sealed or electronic bids must be submitted to the office Bagmati Rural Municipality, Bhattedanda, Lalitpur, Bagmati Province, Bagmati Gaupalika, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 31-10-2023 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 31-10-2023 13:00 at the office of Bagmati Rural Municipality Bhattedada Lalitpur Bagmati Province Bagmati Gaupalika Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 1,10,000.0, which shall be valid for 30 days beyond the validity period of the bid.





## सम्पादकीय

# युद्धकै झल्को दिने धरापहरू

मानव विकास सूचकांकमा पछाडि परेको मधेशलाई प्राकृतिक प्रकोपले सधैं हैरानी पार्ने गर्छ । बिसालु सर्प, डुबान, लूदेखि खोलानदीको बाढीले बर्षेनि नागरिकमा जनधनको क्षति पुग्ने गरेको छ । अझ मनपरी चलिरहेको विकासे गतिविधि नागरिकको ज्यान लिने अर्को कारण बनिरहेको छ । हरेक तीन वा चार गाउँपछि खोला रहेको मधेशमा विकासे गतिविधिले ठूल–ठूला खाडल छोड्ने गरेको पाइन्छ । नाफालाई मात्रै हेरेर स्थानीयको विरोधका बीच खोलाबाट गिटी बालुवा निकाल्दा मधेश एकप्रकारले खाल्डाले भरिएका छन् । त्यसको पर्यावरणीय असर एकातिर छ भने अर्कातिर यस्ता खाडलहरू बालबालिकाका निम्ति धराप बनिरहेको छ । स्कूलबाट फर्कदा, साथीहरूसँग खेल्न जाँदा अनि अरू गतिविधिका क्रममा चर्को गर्मी छल्न बालबालिका पौडी खेल्न खोलामा जान्छन् । अनि पौडी खेल्ने क्रममा बालबालिका सजिलै खाडलमा पर्छन् ।

प्रदेश प्रहरी कार्यालय जनकपुरको तथ्याङ्कले डुबेर ज्यान गुमाउने बालबालिकाको संख्या भयावह रहेको प्रष्ट हुन्छ । बितेको पाँच वर्षमा मात्रै ३५९ बालबालिकाको डुबेर मृत्यु भएको छ । ५९५ जनाको डुबेर मृत्यु भएकोमा २११ जना बालक र १४८ जना बालिका रहेको प्रहरीको तथ्याङ्कले देखाउँछ । गएको आर्थिक वर्ष २०७९/०८० मा मात्रै मधेशका ८ जिल्लामा डुबेर ज्यान गुमाउनेको संख्या १५५ जना छ । त्यसमध्ये ४८ जना बालक र ३३ जना बालिका छन् । अझ प्रदेशको राजधानी रहेको धनुषमा मात्रै ४१ जनाको डुबेर ज्यान गएको देखाउँछ । अरू जिल्ला भन्दा विकासे गतिविधि धनुषामा बढी भएकाले यहाँ खाल्डाखुल्डी पनि धेरै रहेको सजिलै बुझ्न सकिन्छ ।

ढुंगा, गिटी र बालुवा निकाल्दा खोलामा खाल्डा हुने अनि त्यहाँ जमेको पानीमा बालबालिका रमाउन पुग्दा ज्यान जानु नियमित नियति जस्तो बनिसकेको छ । समथर भूमि रहेकाले मधेशमा डुबेर मृत्यु हुने भय निकै पुरानो हो । तर मानिसको जीवनलाई सहज बनाउन भनेर भइरहेका विकासे गतिविधिमा यसतर्फ ध्यान नजानु दुखद् छ । ठेकेदारलाई कामको जिम्मा दिनु, उसले नाफाबाहेक अरू नदेख्नु अनि अनुगमन गर्नुपर्ने निकायबाट छुट पाउनुले अकल्पनीय संख्यामा मानवीय क्षति पुगिरहेको छ । डुबेर ज्यान जाने संख्याले कुनै युद्ध वा हिंसाको निवासलाई सम्झाउँछ । तर यसतर्फ संघ, प्रदेश र स्थानीय सरकारको आवश्यक ध्यान गएको पाइदैन । पक्कैपनि बालबालिका जोगाउनु अभिभावकको दायित्व हो । तर सँगै राज्यले यस्तो धरापबारे आवश्यक नीति लिन जरूरी छ ।

# नेपालको भूगोलमाथि छिमेकी स्वार्थ

अग्रलेख



● शेरजङ्ग बहादुर चन्द

पछिल्लो समय दक्षिण एसिया र छिमेकी मुलुकहरुले भूगोलमा आफ्नो भू-स्वामित्व सिर्जना गर्ने प्रतिस्पर्धा गर्दै आएका छन् । सुरुवातमा २०७६ सालमा भारतले कश्मीर प्रान्त विभाजन गर्ने क्रममा नेपालको अतिक्रमित भूमिलगायत हाल पाकिस्तान र चीनको नियन्त्रणमा रहेका भू-भागसमेत समेटेर नयाँ नक्सा जारी गरेको थियो, जसको ती तीनै देश नेपाल, पाकिस्तान र चीनले विरोध गरे । त्यसपश्चात २०७७ सालमा पाकिस्तानले पनि कश्मीर, लद्दाख गुजरातका केही भागसमेत राखेर नक्सा निकाल्यो, जसप्रति भारतले आपत्ति जनायो । त्यसपश्चात नेपालले पनि २०७७ जेठ ३१ गते वास्तविक नक्सा राखेर आफ्नो गल्ती स्वीकार गर्दै कालापानी, लिपुलेक, लिपियाधुरालाई समेटेर नक्सा जारी गऱ्यो । २०८० भदौ ११ गते चीनद्वारा जारी 'स्ट्यान्डर्ड म्याप'मा भारत र चीन दुवै मुलुकले दाबी गरिरहेका 'अक्साई चीन' र अरुणाञ्चलको भाग तथा ताइवानसमेतलाई चीनको सरहदभित्र समेटिएको छ भने चीनको छिमेकी देशको रूपमा रहेको नेपालको परिष्कृत नेपाली नक्शालाई वेवास्था गरी नेपालको पुरानै नक्सा राखिएको छ । चीनले सार्वजनिक गरेको नयाँ नक्सामा आफूहरुको भूभाग समेटिएको भन्दै भारत, फिलिपिन्स र मलेसियाले पनि आपत्ति जनाइसकेका छन् ।

### चिनियाँ कदम

विश्व महाशक्ति बन्ने आकांक्षासँगै 'परिधीय सुरक्षा'का नाममा भौगोलिक महत्वाकांक्षासमेत चीनबाट प्रकट हुँदै गएको पाइन्छ । चीनको सर्भे तथा म्यापिङ कानुन लागू भएको ३०औं वर्षको उपलक्ष्यमा चीनको प्राकृतिक स्रोत मन्त्रालयले २०८० भदौ ११ गते २०२३ अगस्ट २८ सोमबार सार्वजनिक गरेको 'स्ट्यान्डर्ड म्याप' मा भारत र चीन दुवै मुलुकले दाबी गरिरहेका 'अक्साई चीन' र अरुणाञ्चलको भाग तथा ताइवानसमेतलाई समेटिएको र नेपालको पुरानै नक्सा राखिएको छ । अक्साई चीन र अरुणाञ्चल प्रदेशलाई समावेश गरेकोमा भारत आक्रोशित भएको छ भने दक्षिण चीन सागरको सामुद्रिक सीमा दायरासमेत बढाइएपछि दक्षिणपूर्वी एसियाका थुप्रै मुलुकले पनि त्यसप्रति सरोकार राखेका छन् । यस्तै, नेपालले (चुच्चे) नक्सा जारी गर्दा त्यसबारे चीनलाई जानकारी दिइएको भएपनि उक्त मानचित्रमा पुरानै नक्सालाई निरन्तरता दिइ चीन लिम्पियाधुरासहितको अद्यावधिक नक्साबारे अनविज्ञ रहे सरी प्रस्तुत भएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनविनले भदौ १३ गते बेइजिङमा आयोजित नियमित पत्रकार सम्मेलनमा 'नयाँ स्तरको राष्ट्रिय नक्सा जारी गर्नुलाई कानुनअनुसार चीनको सार्वभौमसत्तासम्बन्धी अभ्यासको नियमित प्रयोग' भएको प्रतिक्रिया दिएका छन् । चीनले जारी गरेको नयाँ नक्साका बारेमा आफ्नो धारणा स्पष्ट पार्दै नेपालको परराष्ट्र मन्त्रालयले भदौ १५ गते शुक्रबार एक विज्ञप्तीमार्फत संसदले सर्वसम्मतिले स्वीकृत गरेको राजनीतिक र प्रशासनिक नक्सामा नेपाल दृढ र स्पष्ट रहेको जनाउँदै संसदले सर्वसम्मतिले स्वीकृत गरेको राजनीतिक र प्रशासनिक नक्सालाई छिमेकीहरुले सम्मान गर्नुपर्ने धारणा सार्वजनिक गरेको छ । मन्त्रालयले नेपाल सीमा विवाद वार्ता र कूटनीतिबाट समाधान गर्न प्रतिबद्ध रहेको पनि स्पष्ट पारेको छ ।

हुनत चीनले सन् १९०३ मा जारी गरेको नक्सामा नेपालको(चुच्चे) नक्सा आत्मसात् गरेको थियो । तर, चीनले सन् १९५४ र २०१५ मा पुरानो नक्सालाई छाडेर लिपुलेक पाससम्बन्धी भारतसँग एकतर्फी सम्झौता गरेको थियो । सन् १९५४ अप्रिल २९ मा भारत र चीनबीच कैलाश मानसरोवरका लागि लिपुलेक पासबाट आवतजावत गर्ने सहमति भएको थियो । त्यसको ६० वर्षपछि सन् २०१४ अर्थात् वि.सं. २०७२ जेठ १ गते भारत र चीनबीच लिपुलेकलाई व्यापारिक नाका बनाउने सहमति भएको थियो । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणको समयमा भएको सहमतिको नेपालले भारत र चीनलाई विरोधपत्र (प्रोटेस्ट नोट) पठाएको थियो ।

*भारत र चीन दुवैले नेपालको भूगोलको विषयमा एकतर्फी निर्णय गर्दै आएका छन् । सन् २०१५ मे १५ मा पछिल्लोपटक लिपुलेक पास खोल्ने विषयमा दुई देशले सम्झौता गरेका थिए । नेपालसँग सम्बन्धित भूगोलका विषयमा निर्णय गर्दा दुवैले नेपाललाई वास्ता गरेनन् । साथै, नेपालले जारी गरेको नयाँ नक्सालाई पनि दुवैले स्वीकार गरेनन् । दुवैले नेपालप्रति उस्तै हेपाहा व्यवहार गरिरहेका छन् । तर हेपाहा व्यवहार सच्याउने कोणबाट नेपालले भने कूटनीतिक पहल गर्न सकेको छैन ।*

### चुच्चे नक्साको वैधानिकता

भारतको राजनीतिक नक्सामा अतिक्रमित कालापानी क्षेत्रसमेत हालिएपछि नेपालसामु आफ्नो भूगोल प्रस्ट्याउनुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको परिप्रेक्षमा कालापानी, लिपुलेक, लिम्पियाधुरासमेत समेटेर नेपालले जारी गरेको नयाँ नक्सालाई २०७७ जेठ ३१ गते संसदले संविधान संशोधन गर्दै सर्वसम्मतिबाट अनुमोदन गऱ्यो । नेपालको उक्त नक्सालाई भारतले स्वभावतः स्वीकारेन, उल्टो आफ्नो नवनिर्मित संसद् भवनको भित्तेचित्रमा केही नेपाली भू-भागसमेत मिसाएर सांस्कृतिक नक्साका नाममा 'अखण्ड भारत'को अस्त्र अगाडि सा-यो । सोही पृष्ठभूमिमा हाल चीनले जारी गरेको 'स्ट्यान्डर्ड म्याप'मा समेत नेपालको पुरानो नक्साको प्रयोग भएको देखिएको छ ।

### त्रिपक्षीय मामिलामा भारत र चीनको वर्चश्व

चीन-भारत संयुक्त कार्यदलको वि.सं. २०५७ मंसिरमा बेइजिङमा सम्पन्न आठौं बैठकमा जब दुई देशले वास्तविक नियन्त्रण रेखा (लाइन अफ एक्चुअल कन्ट्रोल) अंकित आ-आफ्ना नक्साहरू आदान प्रदान गरे, त्यसमा नेपाल, भारत र चीनको पश्चिमी त्रिदेशीय बिन्दुसमेत तोकिएको खबर सार्वजनिक भएको थियो । त्यसलाई लिएर नेपाल र चीनबीच परराष्ट्र मन्त्रालयस्तरीय परामर्श संयन्त्रको २०५७ माघ २३ गते काठमाडौंमा आयोजित बैठकमा नेपाली पक्षले आफ्नो उपस्थितिबिना त्यो कसरी सम्भव भयो भनेर सरोकार राखेको थियो । सो सन्दर्भमा चिनियाँ परराष्ट्रमन्त्री वाङ यीले कालापानी विवादबारे आफूहरू जानकार रहेको, त्यसैले चीनले त्रिदेशीय बिन्दु तोकेको नक्सा पेस नगरेको प्रस्टीकरण दिएका थिए । तर, भारतले चीनलाई दिएको नक्सामा कालापानी आफ्नैतिर राखेर आफूखुसी त्रिदेशीय बिन्दु कोरिएको थियो ।

भारत र चीनले नेपालको भूमिका विषयमा सन् १९५४ देखि एकतर्फी निर्णय गर्दै आएका थिए । सन् २०१५ मे १५मा पछिल्लोपटक लिपुलेक पास खोल्ने विषयमा दुई देशले सम्झौता गरेपछि नेपालले दुवै देशलाई कूटनीतिक नोट पठाएको थियो । नेपालले नयाँ नक्सा जारी गरेपछि भारतले अस्वीकार गरेको थियो । चीनले नेपालको पुरानो नक्सा राखेर उसको नयाँ नक्सा जारी गरेको छ । सीमाविद्हरुले चीनलाई नेपालको नक्साबारे थाहा हुँदा हुँदै पनि नेपाललाई बेवास्ता गर्न सुरु गरेको टिप्पणी गरेका छन् । हाल भारत र चीनले कालापानी-लिपुलेक भएर व्यापारिक बाटो खोल्ने सहमतिसमेत गरिसकेका छन् । चीनका लागि यो दिल्लीसहित पश्चिम भारततर्फ पस्ने सबैभन्दा छोटो दूरीको नाका हो । भारतीय सैनिकलाई पनि लिपु भन्ज्याङबाट चीनतर्फ चियाउन निकै सहज हुने गरेको छ । यसबाहेक भारतबाट कैलाश-मानसरोवर तीर्थयात्राका लागि सबैभन्दा छोटो बाटो यही हो । गुगल अर्थमा हेर्दा, दुवै देशले अन्तिम सीमाबिन्दुसम्म मोटरमार्गसमेत बनाइसकेको देखिन्छ । यो अवस्थामा लिपुलेक नाका भविष्यमा कुनै पनि बखत व्यापार र तीर्थका लागि पूर्णरूपले कार्यान्वयनमा आउन सक्ने देखिन्छ । जुन नेपालको लागि अस्वीकार्यता सहित जटिलता ल्याइरहने छ । जसले तनावको स्थिति सिर्जना भइरहने छ ।

### निष्कर्षमा,

चीनले जारी गरेको नयाँ नक्सामा नेपालको चुच्चे नक्सा नसमेटिएपछि विभिन्न राजनीतिक दलका पदाधिकारिहरु, पूर्वपरराष्ट्र सचिव र पूर्वराजदूतहरूसमेतले चासो देखाएका छन् । उनीहरूले नेपाल सरकारले औपचारिकरूपमै चीनलाई कूटनीतिक नोट लेख्नुपर्ने तथा चीनसँग कूटनीतिक माध्यममार्फत तत्काल संवाद गरी समस्याको समाधान खोज्न पनि सुझाएका छन् । सीमा विवाद मामिलाका विषयमा नेपाली पक्षबाट कूटनीतिक नोट पठाएर सामान्य प्रतिवाद गर्ने भएपनि ठोस कूटनीतिक कदम नचाल्दा संस्थागत स्मरणबाट समेत उक्त विषय हराउँदै जाने अवस्थाको पुनरावृति हुन नदिई प्रभावकारी कूटनीतिक वार्तावाट सीमा सम्बन्धित मामिलाको यथेष्ट सम्बोधन गर्नु आवश्यक रहेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चीन भ्रमणका सन्दर्भमा केही कुरा उठाएको भन्ने छ तथापी, कति गहन ढंगले उठाएको भन्नेबारे भने हेर्न बाँकी नै छ ।



# 'सीमित स्रोतका बाबजुद पनि बाँफिकोटलाई नमुना बनाउँदै छौं'

**रुकुम (पश्चिम)को बाँफिकोट गाउँपालिका प्राकृतिक, धार्मिक, पर्यटकीय तथा ऐतिहासिक दृष्टिकोणले निकै सम्पन्न छ । पश्चिम नेपालको चिनारीको रूपमा रहेको स्यार्पु ताल यही पालिकामा पर्दछ । प्रकृति र ऐतिहासिकताले सम्पन्न भएपनि पालिका आधुनिक विकास र समृद्धिको दृष्टिकोणले अझै पछाडि छ । पछिल्लो समय केही आशा लाग्ने गरी बाँफिकोट गाउँपालिकामा कामहरु सुरु भएका छन् । मध्यान्ह राष्ट्रिय दैनिकले गाउँपालिका अध्यक्ष जनक कुमार बाँठा मगरसँग पालिकाले पछिल्लो समय सुरु गरेका कामहरुबारे केही जिज्ञासा राखेको छ । मध्यान्हकर्मी प्रचण्ड खत्रीले पालिका अध्यक्ष बाँठासँग गरेको कुराकानीको सम्पादित अंश :**

संवाद



जनक कुमार बाँठा मगर
अध्यक्ष, बाँफिकोट गाउँपालिका, रुकुम (पश्चिम)

**पालिकाको नेतृत्व गर्नुभएको पनि एक वर्ष नाघेको छ । यो अवधिमा के-कस्ता काम भए, के-कस्ता समस्या आए ?**

म नेतृत्वमा आएदेखि मूलतः पालिकाको स्रोत व्यवस्थापन गर्ने सन्दर्भमा केही कामको सुरुवात गरेको छु । तथापी, सानो बजेट र आन्तरिक आम्दानी मुख्य नहुँदा केही सकसहरु परिरहेको छ । निकासा प्रत्याभुति दिइएको बजेट निकासा नभई जनताको काम गरेको पैसा भूक्तानी हुन नसकेको अवस्था पनि विद्यमान छ । अहिले मूलतः अनावश्यक खर्चलाई कटौती गर्दै आवश्यक खर्चको व्यवस्थापन गर्ने गरी कामहरु गरिएका छन् । जसले क्रमशः सुधारको अवस्था सिर्जना गराएको छ ।

**तपाईंको स्थानीय तहमा गर्नैपर्ने काम के हो ? कसरी गर्नुभएको छ ?**

बाँफिकोट गाउँपालिकामा मूख्यतयाः शिक्षा, स्वास्थ्य, कृषि तथा पशुसेवालगायतका क्षेत्रमा थुप्रै कामहरु गर्नुपर्नेछ । जनताले अपेक्षा गरेअनुसार उल्लेखित क्षेत्रलाई चुस्त दुरुस्त राख्नुपर्ने दायित्व पनि स्थानीय तहको हो । रोजगारी सिर्जनाका सन्दर्भमा पनि थुप्रै कामहरु गर्नुपर्ने जिम्मेवारी पालिकाको छ । पालिकाले प्राथमिकताका आधारमा कामहरु गरिरहेको छ । शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, विकास निर्माण, कृषिलगायताका क्षेत्रमा जनताले अनुभुत गर्ने गरी कामहरु सुरु भएका छन् । पालिकाले सबै बालबालिकालाई निःशुल्क तथा अनिवार्य शिक्षा, सबैलाई आधारभूत स्वास्थ्य सेवालगायतका कुरालाई निकै जिम्मेवारीपूर्वक अगाडि बढाएको छ । बाँफिकोट गाउँकार्यपालिका योजनाबद्ध रूपमा काम गरिरहेको छ ।

**ठोसरूपमा भन्दा यो अवधिमा के-कस्ता कामले पूर्णता पाए ?**

यसअघि उल्लेख गरेका कुरामा हामीले नियमित काम गरिरहेका छौं । सेवा प्रवाह तथा विकास कार्यका लागि अहिले हामी पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापनका साथै सोको अधिकतमा उपयोग गर्दै आएका छौं । हाल गाउँपालिका कार्यालयको भवन निर्माण भएको छ । १० शैय्या अस्पताल निर्माण हुँदैछ । वडा नं १, २, ३, ४, ६ र १० को वडा कार्यालय आफ्नै भवनमा सञ्चालन गर्न सक्षम भएका छौं भने बाँकी ५, ७, ८ र ९ वडाको कार्यालय व्यवस्थित गर्दैछौं । ७ र ९ बाहेकका वडा पनि सामुदायिक स्वास्थ्यका भवनहरु निर्माण भएका छन् ।

मुख्य बस्तीहरुमा सडक पहुँच स्थापित भएको छ । प्रायः सिचाइ योग्य भूमिको ८० प्रतिशत क्षेत्रमा पक्की कुलो निर्माण गरिएको छ । पालिकाभित्र ४४ वटा सामुदायिक विद्यालय सन्चालित छन् । दुइ वटा गाउँपालिका एम्बुलेन्समार्फत आकस्मिक एम्बुलेन्स सेवा प्रदान गरिँदै आइएको छ । समग्रमा हामीसँग भएको साधन स्रोतलाई अधिकतम गरी जनतालाई नियमित सेवा प्रवाह गरिरहेका छौं ।

**तपाईंको स्थानीय तहको मुख्य समस्या के हो ?**

*पालिकामा बजेटको स्रोत निकै सीमित छ । तथापी, हामीले पालिकालाई नमुना बनाउनेगरी काम शुरु गरेका छौं । शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षालगायतका क्षेत्रमा अरुले सिक्नेगरी कामहरु भएका छन् । बजेटले साथ दिएसम्म विकासका पूर्वाधारलाई पनि सक्दो अगाडि बढाएका छौं ।*

**कसरी समस्याको समाधान गर्दै हुनुहुन्छ ?**

हाम्रो स्थानीय तहको मुख्य समस्या बजेट तथा साधन स्रोतको न्यून उपलब्धता हो । बजेटको अभावमा काम गर्ने इच्छा भएर पनि धेरै कुरा अपुरो हुन जाने रहेछ । अहिले हाम्रो युवा जनशक्ति दिगो रोजगारी सिर्जना हुन नसेकेको कारण विदेशिनु बाध्य छ र स्थानीय आय आर्जनको ठूलो लगानी विदेशिनुले लागि प्रयोग भइराखेको यस अवस्थामा हामीले बाँफिकोटमा शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, व्यापार, विद्युत, सन्चार प्रविधिलगायतका सुविधा विस्तार गरी साना शहरहरुमा उपलब्ध सुविधा गाउँपालिकाभित्रै उपलब्ध गराइ समस्याको समाधान गर्दैछौं ।

**पालिकाको विकास र निर्माणका लागि संघ र प्रदेश सरकारसँग कसरी समन्वय गर्नुभएको छ ?**

हामीले गाउँपालिकाको विकास निर्माणका लागि हाम्रा आवश्यकता र प्राथमिकताहरुलाई संघ तथा प्रदेश सरकारसमक्ष राखी प्राप्त साधन स्रोतलाई अधिकतम उपयोग गरी पूर्वाधार तथा सेवा प्रवाह गरिरहेका छौं । संघ तथा प्रदेश सरकारका कार्यविधि तथा मार्गदर्शनलाई पालना गर्ने एवम् हाम्रा समस्या आवश्यकताहरुलाई प्राथमिकतामा राखी प्रत्यक्ष भेटघाट तथा विभिन्न कार्यक्रमका माध्यमबाट प्रस्तुत गरिरहेका छौं ।

**अन्त्यमा, पालिकालाई थप समृद्ध बनाउन के-कस्ता लक्ष्य राख्नुभएको छ ?**


पालिकामा बजेटको स्रोत निकै सीमित छ । तथापी, हामीले पालिकालाई नमूना बनाउनेगरी काम सुरु गरेका छौं । शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षालगायतका क्षेत्रले अरुले सिक्नेगरी कामहरु भएका छन् । बजेटले साथ दिएसम्म विकासका पूर्वाधारलाई पनि सक्दो अगाडि बढाएका छौं ।

हाम्रो पालिकामा नागरिक सन्तुष्ट हुने गरी सुशासन र सेवा प्रवाहको थिति बसाल्ने लक्ष्य छ । विकास निर्माणमा सबै नागरिकको सहभागिता सुनिश्चित गरी अपनत्व बोध गराइ दीगो प्रयोग गर्ने अवस्था सिर्जना गर्ने लक्ष्य छ ।

आगामी चार वर्षभित्र कम्तीमा २५ किलोमिटर पक्की सडक ९० प्रतिशत घरधुरीमा पानीको धारा, सबै वालबालिका शिक्षाको पहुँचमा पुगेको, सबै घरधुरीमा २४ घण्टै बिजुली पुगेको, १० शय्या अस्पताल आफ्नै भवनबाट सन्चालन गर्ने लक्ष्य छ ।

## तपाईंको राशिफल

- मेष : कृषिजन्य कार्यमा लाभ प्राप्त हुनेछ । पारिवारिक जीवन सुखी रहनेछ ।
- वृष : मित्रहरुसँग भेटघाट हुनेछ । मनोबल उच्च रहनेछ ।
- मिथुन : कार्य सफल हुनेछ । पेटसम्बन्धी समस्याको योग छ ।
- कर्कट : प्रतिष्ठामा वृद्धि, धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।
- सिंह : दिदी बहिनीहरुको सहयोग, पराकममा वृद्धिको योग छ ।
- कन्या : दैनिक सबै कार्यमा सफलता प्राप्त हुनेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ ।
- तुला : पुराना रुकावटहरु समाप्त हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।
- वृश्चिक : राजकीय कार्यमा वृद्धि हुनेछ । धन आर्जन हुने योग छ ।
- धनु : नयाँ सम्पर्क बढ्नेछ । जग्गा खरीद हुने योग छ ।
- मकर : सामाजिक कार्यमा वृद्धि हुनेछ । नाता-गोतासित भेटघाट हुनेछ ।
- कुम्भ : विरोधी सक्रिय रहनेछ तर, असफल हुनेछन् । यात्रा सफल हुनेछ ।
- मीन : प्रभाव र सम्मानमा वृद्धि हुनेछ । वाणी संयम राख्नुहोला ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# एक लाख आदिवासी आर्मेनियाली पलायन



**काठमाडौं / एजेन्सी–** अर्मेनियाका अनुसार नागोर्नो-काराबाख क्षेत्रबाट एक लाखभन्दा बढी आदिवासी आर्मेनियाली पलायन भएका छन् । गत साता उक्त क्षेत्रमा अजरबैजानले कब्जा जमाएपछि आदिवासी आर्मेनियाली आफ्नो बहुलता भएको स्थानबाट अधिकांश पलायन भएका काराबाख क्षेत्रका पूर्वअभियन्ताहरूले बताएका छन् ।

अजरबैजानले उक्त क्षेत्रलाई पुनः एकीकरण गर्न र त्यहाँका बासिन्दालाई समान व्यवहार गर्न चाहेको बताएको छ । तर अर्मेनियाली प्रवक्ताले त्यो भनाइ केवल 'झूट' भएको टिप्पणी गरेका छन् ।

अर्मेनियाका प्रधानमन्त्रीका प्रवक्ता नाजेली बग्दासर्यानले नागोर्नो-काराबाखको अनुमानित एक लाख २० हजार जनसङ्ख्यामध्ये एक लाख चार सय १७ जना पलायन भएका बताएका छन् ।

शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय निकाय युएनएचसीआरले पनि एक लाख आदिवासी आर्मेनियाली पलायन भएका जनाउँदै उनीहरूलाई तत्काल मानवीय सहायता आवश्यक परेको बताएको छ ।

नागोर्नो-काराबाख क्षेत्रको धरातलीय यथार्थबारे जानकारी लिन तथा त्यहाँको वस्तुस्थिति मूल्यांकन गर्न राष्ट्रसंघीय टोली आइतबारसम्ममा त्यहाँ पुग्ने बताइएको छ । आर्मेनियाका पूर्वपृथकतावादी नेता आर्टक बेग्लरियानले नागोर्नो-काराबाखका बासिन्दाको अन्तिम समूह शनिबार आर्मेनियातर्फ लागेको बताएका छन् । 'अधिकांशमा केही सय व्यक्तिमात्र बाँकी छन्, तीमध्ये अधिकांश अधिकारी आपतकालीन सेवाका कर्मचारी र स्वयंसेवक हुन्,' उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

अजरबैजानी सैन्य कारबाहीका क्रममा मारिएका बाहेक सोमबार नागोर्नो-काराबाखमा इन्धन डिपोमा भएको भीषण विस्फोटमा कम्तीमा एक सय ७० जनाको मृत्यु भएको थियो । अर्मेनियालीहरूद्वारा स्टेपानाकर्ट भनेर चिनिने खानकेन्डी नजिकै विस्फोटको कारण अझै स्पष्ट भइसकेको छैन ।

गत बिहीबार अजरवैजानले नागोर्नो काराबाख क्षेत्र आफ्नो अधिनमा आएको बताएसँगै स्वघोषित स्तन्त्रताको तीन दशक लामो रक्तपातपूर्ण द्वन्द्व अन्त्यसँगै अब त्यसको अस्तित्वसमेत समाप्त भएको घोषणा भएको थियो ।

नागोर्नो-काराबाखका स्वतन्त्रता पक्षधर आर्मिनियाली नेता सम्वेल शाहरामन्यानले सन् २०२४ को जनवरी १ देखि यसको अस्तित्व समाप्त हुने घोषणा गरेका थिए । नयाँ वर्षको पहिलो दिनदेखि सबै राज्य संस्था विघटन गर्ने आदेशमा हस्ताक्षर गर्दै उक्त घोषणा गरेका उनले जनताको सुरक्षाका खातिर त्यो अप्रिय निर्णय गर्नुपरेको स्पष्ट गरेका थिए ।

अजरबैजानको भूभागको रूपमा अन्तर्राष्ट्रिय मान्यता दिइएको नागोर्नो-काराबाख विगत तीन दशकदेखि आदिवासी आर्मेनियालीहरूद्वारा नियन्त्रित थियो । सन् १९८८ मा आर्मेनिया र अजरबैजानबीच सुरु भएको द्वन्द्वको मुख्य जड तत्कालीन सोभियत संघ टुक्रिएपछि भएको युद्धमा आफूले जितेको भूभाग आफ्नै नियन्त्रणमा हुनुपर्ने आर्मेनियाको अडान थियो ।

# दिल्लीस्थित अफगानी दूतावास बन्द हुँदै

**काठमाडौं / एजेन्सी–** नयाँदिल्लीमा रहेको अफगान दूतावास आजदेखि बन्द हुने भएको छ । भारत सरकारको असहयोगका कारण दूतावास बन्द गर्नुपरेको दूतावासका एक जना सञ्चार अधिकृतले बताएका छन् ।

सन् २०२१ को अगष्टमा तालिबानले सत्ता कब्जा गर्नुअघि अफगान सरकारको प्रतिनिधित्व गरेका अधिकांश कूटनीतिक कर्मचारी स्वदेश फर्किएको महिनौं भएको छभने रिक्तस्थानमा नयाँ नियुक्ति गरिएको छैन । भारतले अफगानिस्तानको तालिबान सरकारलाई मान्यता दिएको छैन । त्यहाँ तालिबान सरकार सत्तामा फर्किएपछि भारत सरकारले आफ्नो कूटनीतिक उपस्थिति निलम्बन गरेको छ ।

## Shibalaya Rural Municipality

## Office of the Rural Municipal Executive

**Sima, Jajarkot**

**Karnall Province, Nepal**

### Invitation for Bids for Road Track Opening & Upgrading

**First Date of Publication: 2080/06/12 (Sep 29, 2023)**

1. Shivalaya Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of below listed Road Track Opening and Upgrading under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Shivalaya Rural Municipality, Sima Jajarkot, Karnali Province Nepal. The contact number is 9869213743, email: shibalayamun@gmail.com or may visit PPMO website www.bolpatra.gov.ng/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's Website www.bolpatm.gov.np./egp. Bidders should deposit the cost (as specified below) of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank is:
   **Name of the Bank : Himalayan Bank Limited**
   **Name of Office : Rajaswa (Internal Revenue)**
   **Account no. : 27351974250078**
4. Electronic bids must be submitted to the office of the Shivalaya Rural Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 PM on 2080/07/12. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 Pm on 2080/07/12 at the office of Shivalaya Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum of following amount, which shall be valid for 30 days beyond the validity period of the bid. For those who deposit security amount in cash, information to deposit the cost of bid security in bank is:
   **Name of the Bank : Himalayan Bank Limited**
   **Name of Office : Sthaniya Taha Dharauti Account**
   **Account no. : 27351974250011**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Pre-bid meeting shall be held at Shivalaya Rural Municipality, Jajarkot Sima, Jajarkot Karnali Province Nepal at 2080/07/01 10:00 hours.
8. The name and identification of the contract are as follows:

| S. N. | Name of Contract | Contract No. | Estimated Amount without VAT& PS | Min. bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1. | Construction of Baluwa Badakada Hudai Sanimela Road Upgrading Works Shivalaya 8,9 Jajarkot | SRM/NCB/ WORKS/ 2080-081/01 | Rs. 1,07,45,440.18 | Rs. 3,15,000 | Rs. 3000 |
| 2. | Construction of Chiudwa Kalyana Hudai Chinekamda Suyada Road Upgrading works Shivalaya 5,6,7 Jajarkot | SRM/NCB/ WORKS/ 2080-081/02 | Rs. 85,26,464.53 | Rs.2,50,000 | Rs. 3000 |
| 3. | Construction of Thulagaira Dungra Kosetaura Aale Road Track Opening, Shivalaya 2, Jajarkot | SRM/NCB/ WORKS/ 2080-081/03 | Rs. 1,39,78,331.01 | Rs.4,10,000 | Rs. 3000 |

**Chief Administrative Officer**


## Cyprus मा महिला तथा पुरुषहरूलाइ रोजगारको अवसर

१.कम्पनी: **Orthodoxou Employment Bureau Ltd., Cyprus, Larnaca**

पूर्व स्वीकृती मिति : २०८०।६।१२ चलानी नं. ६०२०८३७६ LT.No. 293278

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 0 | 10 | काममा दक्ष | 314 | ४४,१०८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Agriculture Labourer | 5 | 5 | | 465 | ६५,३१८।- | | | | | | | |

२.कम्पनी: **V. Varnava Employment Agency Ltd., Cyprus, Deryneia.**

पूर्व स्वीकृती मिति : २०८०।६।१२ चलानी नं. ६०२०८३७५ LT.No. 293277

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 20 | काममा दक्ष | 315 | ४४,२४८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३०,०००।- |

अन्तर्वार्ता २०८० असोज २१ गते ( 8 Oct., 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला ।४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074

**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

## MALAYSIA मा रोजगार |

कम्पनी: **AFTERMEAL CAFE SDN BHD** शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/१२/२४ चलानी नं.: ६०१९६५९ LT. No.:284171 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Crew | 26 | 0 | स. काममा दक्ष | 1500 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

## QATAR मा रोजगार |

कम्पनी: **AL FAKHAMA PALACE FOR CLEANING & HOSPITALITY** शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/०३/११ चलानी नं.: ६०२०३८३२ LT. No.:288585 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 3 | स. काममा दक्ष | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: **AL-SHEIKH SCRAP & METALS BRANCH WLL** शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/०५/२१ चलानी नं.: ६०२०७३३० LT. No.:292150 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Accountant | 1 | 0 | | 3600 | १,३१,११२ | | | | | | | |

कम्पनी: **ALBARAKA HOUSE FOR SERVICES** शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/०४/११ चलानी नं.: ६०२०५२५७ LT. No.:289995 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 1 | स. काममा दक्ष | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २१ गते (8 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ११६३/०७३/०७४

**Blue Ocean Recruitment Pvt. Ltd.**
New Baneshwor, Kathmandu, Tel: 4476215, 4491772 |
| Email: info@blueoceanmanpower.com,
recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com

## कतारमा रोजगारको अवसर |

कम्पनी: **DOHA J.B.M. CLEANING AND CONTRACTING & SERVICES WLL** शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/03/08 चलानी नं.: ६०२०३९११ LT. No.:288079 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Business Executive | 21 | 0 | सम्बन्धित काममा दक्ष | 3000 | १०९,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | House Keeping | 5 | 0 | | 1000 | ३६,३६० | | | | | | | |
| 3. | Labour Helper | 10 | 0 | | 1000 | ३६,३६० | | | | | | | |
| 4. | Receptionist | 0 | 1 | | 2500 | ९०,९०० | | | | | | | |
| 5. | Representative | 0 | 1 | | 2500 | ९०,९०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २१ गते (8 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1328/074/075

**Excellent Manpower Services Pvt. Ltd.**
साविकः (AL SUJIT MANPOWER PVT. LTD.)
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com

## यूएईमा रोजगारको अवसर |

कम्पनी: **DISCOVERY ROYAL SPORTS LLC** शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८४१६ LT. No.: 293319

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Life Guard Male | 10 | 0 | स. काममा दक्ष | 1200 | ४३,३०८ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Officer | 0 | 1 | | 1200 | ४३,३०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २१ गते (8 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ३७७/०५९/०६०

**हेभन ओभरसिज प्रा. लि.**
पोष्ट बक्स नं: ९९२४, पिंगलास्थान, गौशला, काठमाडौं, फोन: ४११३६४४, ४११३७७८, फ्याक्स: ४११३७७८
E-mail : heaven@wlink.com.np, Web:www.heavenoverseas.com

## मलेसियामा रोजगार |

कम्पनी : **RESTORAN MAKBUL** शहर : Pulau Pinang

पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.: ६०१८३४२६ LT. No.: 267410 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 118 | 0 | स. काममा दक्ष | 1500 | ४२,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २१ गते (8 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ३४८/०५९/०६०

**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोन: ०१-४५४४९२८, ९७४९८७५४४९

# बक्स अफिस समाचार

## ‘इमान्दारितापूर्वक लाग्ने मान्छे भोका छैनन्’



नेपाली श्रव्यदृश्य क्षेत्रमा अलग पहिचान बनाउन सफल लेखक तथा निर्देशक हुन्, गणेश सुवेदी । चलचित्र, वृत्तचित्र, टेलिभिजन कार्यक्रम वाहेक गीतकार एवम् साहित्यकारको परिचय समेत छ उनको । यसका अलावा हिमालयन इन्टरनेशनल अवार्डका अध्यक्ष एवम् गोल्डेन हर्स इन्टरनेशनल अवार्डका कार्यक्रम संयोजक गणेश सुवेदी नेपाल सांस्कृतिक महासंघका केन्द्रीय महामन्त्री समेत हुन् । गोल्डेन हर्स फिल्मस प्रा.लि.ले क्यानडामा आयोजना गर्न गइरहेको दोस्रो गोल्डेन हर्स इन्टरनेशनल अवार्ड तथा नेपाली चलचित्र तथा गीतसंगीत क्षेत्रको विकास र प्रवर्द्धनसँग सम्बन्धित विभिन्न विषयमा **गणेश सुवेदी**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

**दोस्रो गोल्डेन हर्स इन्टरनेशनल अवार्ड क्यानडामा नै आयोजना गर्नुको कारण ?**

नेपाल सांस्कृतिक सम्पदा, भाषा, कला, साहित्यमा दक्षिण एसियामा नै अग्रणी मुलुक हो । प्राकृतिकरूपले सम्पन्न मुलुक, हिमाल, पहाड र तराईको आकर्षक भुगोल र यहाँको विशिष्ट जनजीवन विश्वजगतका लागि नौलो विषय हो । नेपाली गीतसंगीत यहाँको मानवीय जीवन प्रेरणका स्रोत हुन् । गीतसंगीत यहाँको सम्पदा र संस्कार नै भएका छन् । चलचित्र क्षेत्रले विस्तारै फड्को मार्दै गइरहेको छ । एनालग प्रविधिबाट डिजिटल प्रविधिमा प्रविष्ट गर्दै गइरहेको अवस्थामा यस क्षेत्रको विकासका लागि गतिविधि सञ्चालन गर्नु सम्पूर्ण गीतसंगीत र चलचित्रकर्मीहरूको दायित्व पनि हो । यहाँको गीतसंगीत र चलचित्रको अन्तर्राष्ट्रिय बजार विस्तार गर्नु नै यसको मुख्य उद्देश्य हो । यसले नेपाली गीतसंगीत र चलचित्र क्षेत्रको प्रवर्द्धनमा ठूलो टेवा दिनेछ ।

**नेपालमा अवार्ड कार्यक्रम आयोजना गर्दा र विदेशमा आयोजना गर्दा खासगरी सम्बन्धित क्षेत्र र मुलुकले कसरी लाभ लिन सक्छ ?**

बजारको विस्तार नै हरेक उद्योग वा क्षेत्रको पहिलो रोजाइ हो । जबसम्म उत्पादनलाई व्यापकरूपमा वितरण गर्न सकिन्न तबसम्म उद्योगले प्रतिफल दिन सक्दैन । नेपाली चलचित्र र गीतसंगीत क्षेत्रको पहिलो बजार नेपाल नै हो । तर यसमै सीमित रहेर भोलिको पुस्तालाई यस क्षेत्रमा आत्मनिर्भर बनाउन सकिन्न । फेरि अर्को कुरा नेपाल सुन्दर एवम् आकर्षक मुलुक मात्रै नभएर प्राचिन संस्कार र सभ्यताको भण्डार पनि हो । फरक एवम् विशिष्ट शैलीका गीतसंगीत र चलचित्रका लागि नवीन कथा यहाँको विशिष्टता हो । नयाँ नयाँ कथानकलाई विश्व बजारमा पुऱ्याउनु हाम्रो प्राथमिकता पनि हो । त्यसैले विदेशी मुलुकमा आयोजना गरिने यस्ता अवार्डले नेपालको प्रवर्द्धन गर्छ । विश्वका चलचित्र एवम् गीतसंगीत पारखीका लागि नेपाल, नयाँ गन्तव्य बन्न सक्छ । हाम्रो उद्देश्य पनि नेपाली गीतसंगीत र चलचित्रको विश्वव्यापीकरण नै हो । अवार्ड कार्यक्रम विश्वका अन्य मुलुकमा समेत आयोजना गर्ने लक्ष्य आयोजकले लिएको छ ।

**नेपालमा आयोजना हुँदै आएका अवार्डहरूबारे विभिन्न खाले जनगुनासोहरू आइरहेका छन् । यसलाई कसरी लिनुहुन्छ ?**

मैले पनि सुनेको छु । यस विषयमा मेरो स्पष्ट धारणा के छ भने आयोजकले अपारदर्शीरूपले कार्यक्रम आयोजना गर्दा प्रश्नहरू उठ्ने गर्छन् । जबसम्म अवार्डलाई निश्चित कार्यविधिअनुरुप सञ्चालन गरिँदैन स्पष्ट मार्गचित्र अनुरूप प्रक्रिया अघि बढाइँदैन त्यहाँ स्वतः प्रश्न उठ्छ । सिक्दै अघि बढ्दै गरेको अवस्थामा यस्ता खाले कमी कमजोरीहरू हुन जान्छन्, तर हामीले आयोजना गर्ने अवार्ड कार्यक्रमहरू निश्चित मापदण्ड निर्धारण गरी, पारदर्शी तवरले सबै सरोकारवालासँग समन्वय गरी आयोजना गर्दै आएका छौं । गुनासो नै नआउने गरी गतिविधि गर्ने गरेका छौं । तर पनि कहीँकतै कमीकमजोरी भएमा सुधार्दै लानेछौं ।

**तपाईंहरूले आयोजना गर्ने अवार्डको छनोट प्रक्रिया र विधि के हो ?**

सर्वप्रथम त हामीले आवेदनका लागि खुला आह्वान गर्छौं । प्रतिस्पर्धाका लागि सम्बन्धितलाई आग्रह गर्दछौं । सबैको पहुँचका लागि हाम्रो कम्पनीको वेबसाइटमा समेत फारम भर्न मिल्ने गरी व्यवस्था मिलाएका छौं । आफैं उपस्थित भएर वा अनलाइनमार्फत निःशुल्क आवेदन दिन मिल्छ । त्यसका लागि गीतसंगीत र चलचित्र क्षेत्रका विज्ञ तथा अनुभवी व्यक्तित्वहरू रहेको निर्णायक समितिका सदस्यहरूले आवेदकहरूको आवेदनका आधारमा सम्बधित क्षेत्र र विषयको अध्ययन अनुसन्धान गरी उत्कृष्टताका आधारमा उत्कृष्ट पाँच प्रतिस्पर्धीको छनोट गर्ने गर्दछन् । छनोटमा परेका उत्कृष्ट पाँच प्रतिस्पर्धीहरू मध्येबाट पुनः छनोट गरी उत्कृष्टताका आधारमा अवार्ड विजेता छनोट गरी अवार्ड समारोहमा घोषणा गरेर अवार्ड तथा प्रमाणपत्र प्रदान गरिन्छ ।

**अब फरक प्रसंगमा जाउँ, तपाई नेपाली गीतसंगीत र चलचित्र क्षेत्रसँग सम्बन्धित हुनुहुन्छ, पेशाप्रति सन्तुष्ट हुनुहुन्छ ?**

शतप्रतिशत सन्तुष्ट छु । पेशाप्रतिको इमान्दारिता र लगनशीलताले मलाई यो क्षेत्रमा टिक्न सहज भएको छ । कामप्रति झुकाव राख्ने कारण नै कामको लागि भौतारिनु पर्ने अवस्था छैन । फेरि मैले लेखन, निर्देशन, स्वरांकन, उपन्यास वाचन, स्टेज कार्यक्रमहरूमा उद्घोषण लगायतका कार्यहरू समेत गर्ने गर्दछु । श्रव्यदृश्य तथा प्रकाशनका कार्यमा अनुभव भएका कारण पनि आजसम्म खाली बस्नु परेको छैन । एउटा सन्तुष्ट जीवन बाँचेको छु । मनोरञ्जन उद्योगमा इमान्दारितापूर्वक लाग्ने मान्छे भोको छैन नेपालमा, यो मेरो कन्फिडेन्ट हो ।

**तपाई लामो समयदेखि लोकतान्त्रिक अभियानमा पनि सक्रिय हुनुहुन्छ । नेपाली कला, संस्कृति, गीतसंगीत र चलचित्रको लोकतान्त्रिकरण अवस्था कस्तो पाउनु भएको छ ?**

हो म नेपाली कांग्रेस पार्टीको शुभेच्छुक भ्रातृसंस्था नेपाल सांस्कृतिक महासंघमा आवद्ध छु । महासंघको केन्द्रीय महामन्त्रीको रूपमा जिम्मेवारी निभाउँदै आएको छु । यो राजनीतिक विचारधारामा संलग्न भएको पनि लामो समयदेखि नै हो । हामीले उठाउने विषय पनि मुलुकका भाषा, कला, संस्कृति, साहित्य, चलचित्र, गीतसंगीत, रितिरिवाज, चालचलन, मेलापर्व लगायतका विषयको संरक्षण एवम् प्रवर्द्धन नै हो । यस अवधिमा कला, संस्कृतिलगायतका विषयमा लोकतान्त्रिक विचारधाराको प्रतिनिधित्व भएको छ । खुला प्रतिस्पर्धा छ । यस क्षेत्रमा संलग्न व्यक्तित्वहरूले राम्रो आयआर्जन गरेका छन् । सरकारले पनि यस क्षेत्रमा राम्रो वातावरण बनाउँदै लगेको छ । केही कमीकमजोरीहरू नभएका होइनन् तर पनि हामी ‘लोकतान्त्रिक समाजवादका लागि लोकतान्त्रिक संस्कृति’ भन्ने नाराका साथ सबैको सम्मान, सुरक्षा र पहिचानका लागि एकजुट भएर अघि बढेका छौं ।

**तपाईंसँग नेपाली गीतसंगीत र चलचित्रलाई विश्व बजारमा पुऱ्याउने स्पष्ट मार्गचित्र के छ ?**

गीतसंगीत र चलचित्रको हिजोको अवस्था र आजको अवस्थामा धेरै परिवर्तन आएको छ । परिस्थिति बदलिएको छ । अहिले हामीकहाँ दक्ष प्राविधिक तथा होनहार कलाकारहरू उपलब्ध छन् । एनालग प्रविधिलाई डिजिटल प्रविधिले विस्थापित गरेको पनि धेरै समय भइसकेको छ । यसको भरपुर फाइदा उठाउँदै नेपाली श्रव्यदृष्य सामग्रीहरू विश्व बजारमा विचरण गर्न थालिसकेका छन् । विभिन्न अन्तर्राष्ट्रिय फेस्टिभलहरू, कार्यक्रमहरू र व्यावसायिक चलचित्र घरहरूमा समेत नेपाली चलचित्रहरू चल्न थालेका छन् । यसमा नेपाली संस्करणका यस्ता अवार्ड समारोहहरूले अझै महत्वपूर्ण भूमिका खेल्ने छ । त्यसैगरी नेपालका दुरदराजमा रहेका नवीन कथाहरू एवम् सुन्दर पर्यटकीय गन्तव्यहरूलाई विश्व बजारमा पुऱ्याउन पनि यस्ता कार्यक्रमले मलजल गर्ने गर्दछन् । यो नेपाली गीतसंगीत र चलचित्र उद्योगका लागि अत्यन्त सकारात्मक कुरा हो र यही नै मेरो एउटा स्पष्ट मार्गचित्र हो ।

## ‘देउडा आइडल–२०८०’ आयोजना हुँदै

**काठमाडौं/मस–** देउडा सांस्कृतिक मञ्चको आयोजनामा ‘देउडा आइडल–२०८०’ हुने भएको छ । आयोजकले शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै कार्यक्रमबारे जानकारी दिएको हो । सुदूरपश्चिम र कर्णाली प्रदेशको भाषा संस्कृतिसँगै भेषभूषाको जगेर्ना गर्ने उद्देश्यले कार्यक्रम आयोजन गर्न लागिएको आयोजक संस्थाले जनाएको छ । देउडा आइडलको अडिसन कर्णाली र सुदूरपश्चिमका १९ जिल्लामा सञ्चालन हुने छ । प्रत्येक पालिकामा प्रतिभा छनोटका लागि अडिसन हुने आइडलका संयोजक महेश कुमार औजीले बताए ।

देउडा आइडलको प्रायोजनमा हिमाल डेन्टल हस्पिटल गरेको छ भने




कार्यक्रमको प्रत्यक्ष प्रशारण टिभी टुडे टेलिभिनले गर्ने भएको छ । पत्रकार सम्मेलनमा बोल्दै टिभी टुडे टेलिभिजनका कार्यकारी अध्यक्ष जनक राज पन्तले देउडा आइडल सुदूर र कर्णालीका प्रतिभाहरुका लागि उत्कृष्ट मञ्च भएको बताए । साथै पन्तले ब्रोडकास्ट पार्टनरको हैसियतले कार्यक्रम सम्पन्न गर्नमा टिभी टुडेले पनि सक्दो सहयोग गर्ने बताए ।

यस्तै वरिष्ठ देउडा गायक नन्दकृष्ण जोशीले देउडा आइडललाई सफल पार्न सम्पूर्ण देउडाप्रेमी जनताले सहयोग गर्ने बताए । जोशीले अबको दश वर्षमा देउडा गीत सारा नेपालीले गाउने बताए । कार्यक्रमका संयोजक औजीले देउडा संस्कृतिलाई जीवन्त बनाउनका लागि देउडा आइडल आयोजन गर्न लागिएको जानकारी दिए । लामो समयको प्रयासपछि देउडा आइडल गर्ने अवस्थामा पुगिएको औजीको भनाइ थियो ।

यस्तै गायक तथा संगीत साधक तिलक सिंह पेलाले देउडा आइडल मानसखण्डको संस्कृतिलाई संरक्षण गर्नका लागि कोसेढुंगा सावित हुने बताए । देउडा आइडलको पुरस्कार राशी अर्को पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिने आयोजकले जनाएको छ । आइडलको निर्णायक मण्डलमा नन्दकृष्ण जोशी, तिलक सिंह पेला र टिका पुन रहने छन् । दिनेश खड्काले निर्देशन गर्ने देउडा आइडल मंसिरदेखि टेलीभिजनमा प्रशारण गर्ने तयारी गरिएको छ । आइडलसम्बन्धी थप जानकारी अर्को पत्रकार सम्मेलनमार्फत गरिने आयोजकले जनाएको छ ।

**Ramechhap Municipality**
**Office of the Municipal Executive**
**Ramechhap Bazar, Ramechhap**
**Bagamati Pradesh, Nepal**

**Invitation for Bids**

**Date of First Publication: 2080/06/14**

1. Ramechhap Municipality invites electronics bids from eligible bidders under the following contracts under National Competitive Bidding–Single Stage Two Envelope Bidding procedures specified in Public Procurement Act and Regulations. Only eligible bidders with the following key qualifications should participate in this bidding: Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 4,03,00,000/- Minimum Work experience of similar size and nature: At least one contract in last 10 years with value of NRs 1,07,00,000/-

| Contract ID no. | Description of Works/ Bid Type | Minimum Bid Security Amount in NRs/ Validity Period | Cost for bid documents in NRs |
|---|---|---|---|
| RM/ 02/080-81 | Upgrading of Saaune Bolang Bolang Barbot Road, Ramechhap Municipality-4 | Nrs. 6,70,000 120 days | NRs. 5,000 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ramechhap Municipality. Website: www.ramechhapmun.gov.np & Phone No. 048-400012/16.
3. A complete set of bid document for bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Office account as specified below.
**Name of the Bank**: Rastiya Banijya Bank, **Office Account no** : 1020100301010002(For Bid Document) , **Office Account no** : 1020100303000002 (For Bid Security deposit).
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2080-07-14 along with copy of voucher of bid security deposit. Bids received after this deadline will be rejected. And the bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2080-07-14 at the office.

**Chief Administrative Officer**

**मध्यविन्दु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**नवलपरासी (ब.सु.पू)**

**घाँसको विउ आपूर्ति सम्वन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**सूचना प्रकाशन मिति २०८०/०६/१४**
**ठेक्का नं.म.न.पा – १ पशु सेवा शाखा**

यस मध्यबिन्दु नगरपालिका पशु सेवा शाखाको चालु आ.व. २०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ५०% अनुदानमा हिउँदे घाँसको विउ (जै, वर्षिम) वितरण कार्यक्रम अन्तर्गत आवश्यक पर्ने जै, वर्षिम घाँसको बीउ आपूर्ति सम्बन्धि कार्य गर्न इच्छुक इजाजत प्राप्त फर्म/बीउ उत्पादक कम्पनी/बीउ उत्पादक सहकारी/बीउ विक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान को लागी यो सूचना प्रकाशन गरएिको छ ।

तपशिल:

१. दरभाउपत्र रु.१,०००।- तिरी (पछि फिर्ता नहुने गरी) सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र मिति २०८०/०६/१४ देखि २०८०/०६/२९ गते कार्यालय समय भित्र चालु आ.व.को लागि दर्ता नविकरण पत्र, आयकर चूक्ता प्रमाण पत्र, फर्म इजाजत प्रमाण-पत्र, स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र समेत पेश गरि मध्यविन्दु नगरपालिका, नवलपरासी (ब.सु.पु.) बाट प्राप्त गर्न सकिनेछ र मिति २०८०/०६/३० गते दिउसो १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दी दरभाउपत्र फारम बुझाउनु पर्नेछ ।
२. मिति २०८०/०६/३० गते दिउसो २ बजे सिलबन्दी दरभाउपत्र प्रोप्राईटर वा निजका प्रतिनिधीको रोहवरमा खोलिने छ । प्रोप्राईटर वा निजका प्रतिनिधी उपस्थीत नभएतापनी सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
३. दरभाउपत्र साथमा जै र वर्षिम उत्पादनको श्रोत र गुणस्तरको प्रतिवद्धता पत्र समेत पेश गर्नुपर्नेछ ।
४. बीउ बिजन नियमावली २०६९ अनुसार बीउ बिजन व्यवसायी अनुमति पत्र प्राप्त गरेको इच्छुक बिक्रेता/घाँसको बीउ उत्पादक फर्म/समूह/बीउ उत्पादक सहकारी/बीउ विक्रेता कम्पनीले मात्र दरभाउपत्र पेश गर्न सक्नेछन् ।
५. दरभाउपत्र साथ रु ३५००० बराबरको बैक ग्यारेन्टी वा नगदै मध्यविन्दु नगरपालिका नगर कार्यपालिकाको कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा रहेको धरौटि खाता नं. ३१८०३०००००३००१००००००१ मा जम्मा गरेको सक्कल भौचर वा इजाजत प्राप्त बैंकबाट जारी भएको बैक ग्यारेन्टी दरभाउपत्रको अन्तिम मितिबाट लागु हुने गरि जारी गरिएको ७५ दिन म्याद भएको बैक ग्यारेन्टी संलग्न गर्नु पर्ने छ ।
६. आपूर्तिकर्ताले कृषकको माग बमोजिम कार्यालयले सिफारिस गरे अनुसार आवश्यक घाँसको बीउ जात अनुसार उपलब्ध गराउनु पर्नेछ । कृषकको माग नभएमा सम्पूर्ण बीउ खरिद गर्न कार्यालय बाध्य हुनेछैन ।
७. प्राप्त हुन आएका दरभाउपत्र कारण जनाई वा नजनाई स्विकृत गर्ने/नगर्ने, रद्द गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ । दरभाउपत्रदाताले सूचनाका शर्तहरु राम्रोसँग बुझी प्रस्ताव पेश गरेको मानिने छ ।
८. अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुन बमोजिम हुने छ ।
९. यस सम्वन्धि अन्य कुराको जानकारी आवश्यक परेमा कार्यालय समय भित्र फो.नं. ०७८-४१०००७ मा सम्पर्क राख्न सकिने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

## एनएसएल अक्सन

# १० खेलाडी महँगोमा बिक्री खर्चिलो क्लब ललितपुर



**काठमाडौं/मस-** नेपाल सुपर लिग (एनएसएल)को दोस्रो संस्करणका लागि खेलाडी अक्सन शनिबार काठमाडौंमा सम्पन्न भएको छ । अक्सनमा १ सय ७८ खेलाडी प्रस्तुत भएका थिए । जसमध्ये ए ग्रेडमा २७ खेलाडी थिए। ए ग्रेडबाट १० खेलाडी अधिकतम मूल्य ३ लाख ५० हजाार रुपैयाँमा बिक्री भएका छन् ।

अधिकतम मूल्यमा बिक्री भएका १० खेलाडीमा सेसेहाङ आङदेम्बे ललितपुर सिटी एफसी, दिनेश हेन्जन ललितपुर सिटी एफसी, सनिष श्रेष्ठ ललितपुर सिटी एफसी, सीमान्त थापा विरगन्ज युनाइटेड एफसी, लोकेन लिम्बू झापा एफसी, कृतिस रत्न छुन्जु धनगढी एफसी, आशिष गुरुङ स्पोर्टिङ मेची डे इलाम, सुदिप गुरुङ वीरगञ्ज युनाइटेड एफसी, छिरिङ गुरुङ एफसी चितवन र दिपेश गुरुङ काठमाडौं रेन्जर्स रहेका छन् ।

अक्सनमा ललितपुर सिटी एफसीले सर्वाधिक रकम खर्च गरेको छ । ललितपुरले २४ लाख २० हजार रुपैयाँ खर्च गरेको छ । आयोजक नेपाल स्पोर्ट्स एण्ड इभेन्ट म्यानेजमेन्ट कम्पनीले सहभागी टिमलाई खेलाडी अक्सनमा बढीमा २५ लाख रुपैयाँसम्म खर्च गर्न सक्ने प्रावधान राखेको थियो ।

दोस्रो खर्चिलो क्लब स्पोर्टिङ इलाम बन्यो । उसले अक्सनमा २० लाख ५० हजार खर्च गर्‍यो । तेस्रो खर्चिलो क्लब झापाले २० लाख ५० हजार खर्च गर्‍यो । काठमाडौं रेजर्सले २० लाख १० हजार रुपैयाँ अक्सनमा खर्च गर्‍यो । धनगढीले १९ लाख १० हजार, विरगञ्जले १९ लाख ७० हजार, चितवनले १८ लाख २० हजार र बुटवल लुम्बिनीले १६ लाख ७० हजार रुपैयाँ अक्सनमा खर्च गरे ।

पोखरा थन्डर्सले सबैभन्दा थोरै रकम खर्च गर्ने टिम बन्यो । उसले न्यूनतम रकमसमेत खर्च गरेन । सहभागी टिमले कम्तीमा १८ लाख रुपैयाँ खर्च गर्नुपर्ने सीमा राखिएको थियो । तर पोखराले अक्सनमा १५ लाख ६० हजार रुपैयाँ मात्र खर्च गर्‍यो ।

कुन खेलाडी कुन टिममा ?

झापा एफसीमा छिरिङ लामा, लक्षमण रुचाल, अनिश देउला, लकेन लिम्बु, सुमित श्रेष्ठ, प्रदीप लामा, प्रकाश लक्षम लिम्बू, समिराज थोकर, सुदीप श्रेष्ठ, योगेश गुरुङ, अशोक खवास, भरत चौधरी र सुरज विष्ट रहेका छन् । झापाको मार्की प्लेयरमा अन्जन विष्ट रहेका छन् ।

स्पोर्टिङ इलाममा नविन लामा, सन्तोष खत्री, सौरभ लिम्बु, आशिष गुरुङ, विराज महर्जन, भरत खवास, आशिष राई, दिपेश घले, बिमल पाण्डे, जयन्द्र कार्की, आशिष चापागाई, सन्तोष महत, सुरोज बस्नेत र समित श्रेष्ठ रहेका छन् । इलामको मार्की प्लेयरमा विकेश कुथु रहेका छन् ।

चितवन एफसीमा नवयुग श्रेष्ठ, पुस्कार खड्का, छिरिङ गुरुङ, उत्सव राई, रोशन राना मगर, हेम तामाङ, शरन विक्रम सिंह, बिक्रम धिमाल, एकराज बुढाथोकी, अमृत श्रेष्ठ, प्रदीप भण्डारी र राजेश परियार रहेका छन् । चितवनको मार्की प्लेयरमा विशाल श्रेष्ठ रहेका छन् ।

धनगढी एफसीमा देबेन्द्र तामाङ, अभिषेक गुरुङ, मिलन राई, हेमन्त श्रेष्ठ, कमल श्रेष्ठ, कृतिश रत्न छुन्जु, साइमोन लिम्बू, रामचन्द्र बाजी, मनोष राई, रन्दिप पौडेल, निशान लिम्बू, टेकेन्द्र सिंह थापा र सुरेश कुमाल रहेका छन् । धनगढीको मार्की प्लेयरमा आशिष चौधरी रहेका छन् ।

ललितपुर सिटी एफसीमा दिनेश हेन्जन, सनिस श्रेष्ठ, सेसेहाङ आङदाम्बे, रोशन पहाडी, आदित्य शाक्य, निरज चौधरी, अनिल महर्जन, प्रवेश कुवर, अनिल राई, बिशाल सुनार, विवेक पौडेल, किरण रावत, सञ्जित राई र विजय श्रेष्ठ रहेका छन् । ललितपुरको मार्की प्लेयरमा अनन्त तामाङ रहेका छन् ।

बुटवल लुम्बिनीमा जिलेस्मी जंग कार्की, मणिकुमार लामा, प्रकाश बुढाथोकी, अशोक थापा, पासाङ लामा, चन्द्रकुमार दास, मनाङ्गे नकर्मी, जन्मजय धामी, असिम भुसाल, गौरव श्रेष्ठ, सरोज तामाङ, निराजन धामी र निशान राना रहेका छन् । बुटवलको मार्की प्लेयरमा एरिक विष्ट रहेका छन् ।

काठमाडौं रेजर्समा दिपेश गुरुङ, खामिर गिल्सन कान्दाङ, राज बाबु थापा, मौषम सुब्बा, अन्जन राई, अभिषेक बराल, प्रशान्त अवस्थी, अमृत तामाङ, कुलदीप कार्की, राजिव लोप्चन, शुशिलकुमार यादव, महेन्द्र कार्की, रोहन खड्गी र जियारत शेख रहेका छन् । काठमाडौंको मार्की प्लेयरमा हिसुब थपलिया रहेका छन् ।

पोखरा थन्डर्समा अन्जल महर्जन, सुनिल घलान, सञ्जिव विष्ट, सुरजज्यू ठकुरी, पदमकुमार तामाङ, जिवन गुरुङ, अनिश पोमु मगर, विपिन कँडेल, पदम भट्टराई, दिपेश आले मगर, पुजन होना र नरेन्द्र चौधरी रहेका छन् । पोखराको मार्की प्लेयरमा आयुष घलान रहेका छन् ।

वीरगञ्ज युनाइटेड एफसीमा सिमान्त थापा, सुदीप गुरुङ, सुभाष गुरुङ, विशन गुरुङ, जय गुरुङ, सुनिल खड्का, हरिश राज भट्ट, सुरज गुरुङ, सुशील लामा, सत्रुघन कुमार चौधरी र युवराज खड्का रहेका छन् । वीरगञ्जको मार्की प्लेयरमा दिप कार्की रहेका छन् ।

# पाकिस्तानलाई हराउँदै भारत च्याम्पियन



**रामएकवाल राम/मध्यान्ह**
काठमाडौं, १३ असोज

साफ यु-१९ च्याम्पियनसिप फुटबल प्रतियोगिताको उपाधि भारतले जितेको छ। शनिबार दशरथ रंगशालामा भएको फाइनल खेलमा पाकिस्तानलाई हराउँदै भारतले उपाधि जितेको हो ।

भारत पाकिस्तानलाई ३-० गोल अन्तरले पराजित गर्दै तेस्रो पटक साफ यु-१९ च्याम्पियन बन्न सफल भयो। भारतलाई जित दिलाउन परिवर्तित खेलाडी मागेथाङ किपगेनले दुई गोल गरे भने गोगोसर गोएरीले एक गोल गरे । खेलको ६४औं मिनेटमा किपगेनले गोल गर्दै भारतलाई अग्रता दिलाए । खेलको ८५ औं मिनेटमा किपगेनले फ्रिकिकमार्फत व्यक्तिगत दोस्रो गोल गर्दै भारतलाई जितको नजिक पुर्‍याए । इन्जुरी समयमा किपगेनको क्रसमा डिबक्सभित्र रहेका गोएरीले हेडमार्फत गोल गर्दै भारतलाई ३-० को जित दिलाए ।

पाकिस्तान पहिलो पटक उमेर समूहको प्रतियोगितामा फाइनल पुगेको हो । दुवै टिम सडनडेथमा विपक्षीलाई पराजित गर्दै फाइनलमा पुगेका हुन् । सेमिफाइनलमा पाकिस्तानले भुटानलाई हराएको थियो भने भारतले नेपाललाई हराएको थियो ।

# टेनिस प्रतियोगीहरुलाई ट्रफी वितरण



**काठमाडौं/मस-** याक एण्ड यति होटेलद्वारा आयोजित साताव्यापी टेनिस टुर्नामेण्टमा सहभागी खेलाडीहरुलाई ट्रफी तथा नगद पुरस्कार वितरण गरिएको छ। शनिबार एक समारोहका बीच वरिष्ठ नेता तथा पूर्वउपप्रधानमन्त्री कमल थापाले प्रथम, द्वतीय र तृतीयलगायतका खेलाडीहरुलाई ट्रफी तथा नगद पुरस्कार प्रदान गरे। 'स्वास्थ्य नै धन हो र सधैं स्वस्थ हुनुपर्छ' भन्ने अवधारणा अनुरुप याक एण्ड यति होटेलले वार्षिकरूपमा टेनिस टुर्नामेण्ट आयोजना गर्दै आएको छ । प्रतियोगितामा याक एण्ड यति होटेलका वार्षिक ग्राहकहरु सहभागी गराएर सो प्रतियोगिता आयोजना गरिएको याक एण्ड यति होटेल प्रशासनले जनाएको छ ।


## Invitation for Bids

**Government of Nepal (GoN)**

## NEPAL WATER SUPPLY CORPORATION

**Branch office Mahendranagar**

**Date of publication: 1st Nov 2023**

1. Nepal Water Supply Corporation, Mahendranagar invites electronic bids from eligible bidders for the following items. Under National Competitive, bidding procedures specified in Public Procurement Act and Regulations.

| S.N | IFB/Contract ID | Name of Project | Bid Document Fee (NRs.) | Bid Security (NRs.) | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1 | 01/NWSCMNR/WORKS /NCB/080/81 | Construction of compound wall | 3000/- | 55,000/- | 90 Days |
| Deadline for Bid Submission | | | 12:00 Noon on 31st Nov 2023 | | |
| Bid Opening (Date and Place ) | | | 14:00 PM on 31st Nov 2023, Nepal Water Supply Corporation, Branch Office Mahendranagar | | |

1. Note: For Further details and Downloading of Bid Documents, Please visit www.bolpatra.gov.np/egp

## लेटाङ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ

## आन्तरिक आय ठेक्काको सूचना

**पाँचौ पटक प्रकाशित मिति : २०८०/०६/१४**

यस कार्यालयद्वारा आगामी आ.व. २०८०/०८१ को लागि लेटाङ नगरपालिका सार्वजनिक खरिद नियमावली २०७६ को नियम १३८ बमोजिम तपसिलमा उल्लिखित कर संकलनको कार्य ठेक्काद्वारा बन्दोबस्त गर्नुपर्ने भएकोले ईछुक फर्म, वा कम्पनिले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र निम्न शर्तहरुमा रही बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**निम्नः**

१. बोलपत्र दस्तुर रु ३०००।०० को भौचर लेटारु नगरपालिकाको आन्तरिक राजस्व खाता नं २४५०१००३०१०१०००२ मा (पछि फिर्ता नहुने गरी) जम्मा गर्नुपर्नेछ ।

२. बोलपत्र पेश गर्दा बोलपत्र जमानत बापत आफूले कबूल गरेको मु.अ.कर सहितको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खाता नं. २४५०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा क बर्गको वैंकवाट जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको वोलपत्र जमानत संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु गरिनेछ ।

४. रितपुर्वक दाखिला भएको बोलपत्रहरु देहायअनुसारको मिति र समयमा यस कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन ।

६. बोलपत्र पेश गर्न व्यवसाय दर्ता प्रमाणपत्र आ.व. २०८०/०८१ को लागि नबिकरण भएको, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

७. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारका बुझाउनुपर्ने कर, दस्तुर, महशुल ठेकेदार आफैंले बुझाउनु पर्नेछ ।

८. आफूले कबूल गरेको रकम एकमुष्ट बुझाई सम्झौता गरेमा लेटाङ नगरपालिका सार्वजनिक खरिद नियमावली २०७६ को नियम १४१ को उपनियम २ बमोजिम बढीमा १० प्रतिशत सम्म कार्यपालिकाका निर्णय बमोजिम छुट दिइनेछ । किस्तामा वुझाउन चाहेमा प्रथम किस्ता वापत ५० प्रतिशत रकम वुझाउनु पर्ने र दोस्रो किस्ता ३० प्रतिशत पौष मसान्तसम्म र अन्तिम किस्ता २० प्रतिशत बैशाख मसान्तसम्म वुझाउनु पर्नेछ । तर त्यसरी किस्तामा सम्झौता गर्दा वुझाउन बाँकी रकम बराबरको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेछ ।

९. ठेक्काको अवधि २०८१ असार मसान्तसम्मको हुनेछ । कुनै कारणवस सम्झौता गर्न ढिलाईमा ठेकेदारले कवूल गरेको न्यूनतम अंक सम्झौता गरेको मिति देखि लागु हुनेछ । सो सम्वन्धमा ठेकेदारले कबूल अंकमा कुनै छुट दाबी गर्न पाउने छैन ।

१०. अन्य कुरा बुझ्न चाहेमा ९८५२०७५३१२ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम कबोल अंक (मुअकर सहित) | बोलपत्र फारम दस्तुर | बोलपत्र बुझाउने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| १. | LM/MOR/NCB/ REV/03/2080-081 | आय संकलन ठेक्का (स्थानीय पूर्वाधार, निकासी र वडा नं ४ हाटवजार कर) | ५५,००,०००।- | रु.३,०००।- | २०८०।०६।२१ गते दिउसो १२:०० बजेसम्म E-Bidding |

**प्रमुख प्रशासकिय अधिकृत**

## कतारमा रोजगार | कम्पनीः WHITE HOUSE CLEANING & SERVICES WLL
शहरःDoha

पूर्व स्वीकृत मितिः २०७९/०२/२३ चलानी नं.: ६०२०२७७७ LT. No.: 287152 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 2 | स. काममा दक्ष | 1000 | ३६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २१ गते (8 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Amity Human Resource (P.) Ltd.**
Govt Lic. No. 595/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399, 9801034262
Fax: +977-1-4361742, Email: amityhr5@gmail.com Website: www.amityhr.com

## साउदीमा रोजगार | कम्पनी : OLIVE TREE TRADING EST.
शहरः Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८४२५ LT. No.: 293234

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २१ गते (8 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**हेराल्ड ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५१३/०६१/०६२
पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोनः ४५७५३३९, ४५६८६९७, ४४७६६०३

# एनआरएनएको उपाध्यक्षमा व्यवसायी रोविन शेरचनको उम्मेदवारी



**काठमाडौं ।** गैरआवासीय नेपाली सङ्घ(एनआरएनए)अन्तर्राष्ट्रिय समन्वय परिषद (आईसीसी) को एघारौं महाधिवेशनको आउँदो अक्टोबरमा काठमाडौंमा हुने भएको छ । महाधिवेशनको मिति नजिकिँदै गर्दा त्यसको तयारी र आकाँक्षीहरुले उम्मेदवारीको घोषणा गर्ने क्रम बढ्दै गएको छ। आइसीसी नेटवर्कमा पुग्न र एनआरएनए अभियान नेतृत्वका लागि अहिले बिश्वभरी छरिएर रहेका नेपालीहरुले आ-आफ्ना एजेन्डाहरु सार्वजनिक गर्दै विभिन्न पदका लागि उम्मेदवारीको घोषणा गरिरहेका छन् ।

उम्मेदवारी घोषणाको लहरमा उभिएका मध्ये एकजना बलिया उम्मेदवार रोबिनप्रसाद शेरचन पनि एक हुन् । उनले आइसीसीको आगामी २०२३-२०२५ कार्यकालका लागि उपाध्यक्षमा उम्मेदवारीको घोषणा गरेका छन् । हालको कार्यसमितिमा उनि एनआरएनए आईसीसी सदस्यको रुपमा भूमिका निर्वाह गर्दै आएका छन् । लामो समयदेखि जापानमा बसेर व्यवसाय गर्दै आएका शेरचन सामाजिक र परोपकारको क्षेत्रमा समेत क्रियाशील रहेका छन् । उनी विश्वभरी रहेका नेपालीमाझ परिचित एवं एक बलियो उम्मेदवारका रुपमा समेत मानिन्छन् । उनी भन्छन, 'एनआरएनए स्थापना भएको करिब २० वर्ष भयो, मैले करिब ३५ वर्ष जापानमा बिताएको छु, एनआरएनए स्थापना हुनुपूर्व पनि विभिन्न सामाजिक कामहरु गर्दै आएको थिएँ, ती सबै संस्थागत थिएनन् तरपनि एक किसिमको आत्मसन्तुष्टि प्राप्त भइरहेको थियो ।' परदेशमा बसेर नेपाली समुदायका लागि अन्तर्राष्ट्रियस्तरमा निस्वार्थ सेवा गर्ने उद्देश्यले एनआरएनए रोजेको उनले बताए ।

उनी भन्छन्, 'यो विश्वभर फैलिएको नेपालीहरूको गैरराजनीतिक संस्था हो । यहाँ जोडिएर संस्थागत रुपमा नेपाल र नेपालीका लागि निस्वार्थ रुपमा व्यापक काम गर्न सकिन्छ । त्यसैले विश्वभर रहेका मेरा शुभचिन्तक तथा साथीभाईहरुको समेत सल्लाहका कारण मैले उपाध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेको हुँ ।' एनआरएनए एक विशुद्ध गैरराजनीतिक संस्था भएपनि यसभित्र राजनीतिक हस्तक्षेप र नेतृत्वमा देखिएको विवादका कारण संघको १० औं महाधिवेशन हुनसकेको थिएन । त्यसबेला तीन जना अध्यक्षका दाबेदार थिए । कोरोना महामारीको अवस्था एवं नेतृत्वमा उत्पन्न विवादका कारण पालैपालो गरेर तीनै जना अध्यक्ष रहने सहमति गरिएको थियो । तर, यसपटक ११औं महाधिवेशन आगामी अक्टोवर १७ देखी १९ सम्म काठमाडौंमा हुने निर्णय संघले गरेको छ ।

उपाध्यक्षका प्रत्यासी शेरचनका विचारमा विश्वभरी रहेका नेपालीहरुको छाता संगठन मानिएको एनआरएनए आफ्नो उद्देश्य अनुरूप सामजिक परोपकारी संस्थाको रुपमा अगाडि बढ्नु पर्ने हो तर त्यसो हुन सकेको छैन । विदेशमा रहेका नेपालीहरु मध्ये बौद्धिक, दक्षता भएका, युवालगायत ठूलो संख्या संघको घेराभित्र अटाउन सकेका छैनन् । शेरचन भन्छन्, 'तिनीहरूलाई सङ्घको घेराभित्र ल्याउनु पर्नेछ, सबैले अपनत्व महसुस गर्नेगरी काम गर्नु पर्नेछ, राजनीतिक हस्तक्षेपको सामना गर्नुका साथै फेरि एकपटक संस्थाको गरिमा उच्च बनाउनको लागि निस्वार्थ सेवा भावकासाथ कार्य गर्ने नेतृत्व चयन गर्नका लागि अपिल गर्न चाहन्छु ।'

**शेरचनको पृष्ठभूमि**

मुस्ताङमा जन्मेपनि शेरचनने आफ्नो बाल्यकाल भने पोखरामा बिताएका थिए । गण्डकी बोर्डिङ स्कुल अध्ययन पछि उच्च शिक्षा अध्ययनका लागि काठमाडौं आएका उनलाई आफन्तले बोलाएपछि सन् १९८८ अर्थात् आजभन्दा ३५ वर्षअघि जापान गएका थिए ।

उनी जापान पुग्दा जापान अहिलेको जस्तो अवस्थामा थिएन, हिरोसिमा र नागासाकीमा अमेरिकाले खसालेको परमाणु बमको घाउ ताजै थियो । परमाणु बमका कारण ठूलो क्षति ब्यहोरेको जापानले भर्खर-भर्खर विकासको गतिमा रफ्तार अगाडि बढाएको थियो । जापानमा हाल करिब १ लाख ५० हजार नेपाली छन् तर, त्यस बखत त्यति धेरै नेपाली थिएनन् । करिब सय जना जति मात्रै नेपाली भएको हुनसक्ने शेरचन बताउँछन् । त्यो समयमा जापानमा जीवन बिताउने विषय सोचे जस्तो थिएन । भाषा फरक खानपान, चालचलन जीबनशैली सबै फरक थिए ।

सुरुमा काम गर्न निकै गाह्रो थियो । भाषा र सिप दुवै नभएकोले कठिन थियो । जापानीहरु जापानी भाषा नै बोल्ने गर्दछन् अंग्रेजी बोल्नेहरु बिरलै भेटिन्छन् । त्यसैले उनले सुरुमा भाषा पढ्न थाले दुई वर्ष भाषा पढिसकेपछि मात्र त्यहाँ उनलाई घुलमिल हुन सजिलो भयो, भाषा भएपछि काम पाउन सजिलो भयो । त्यसपछि केही समय रेस्टुरेन्टमा काम गरे ।

त्यसबेला जापानमा भएका मध्ये धेरै जसो थकाली समुदायका थिए । मुस्ताङका थकालीहरु सीमापार व्यापार गर्ने गदर्थे । शेरचनको पुर्ख्यौली पेशा पनि व्यापार नै थियो । उनका बुबाले होटल व्यवसाय साथै हङकङबाट कपडाहरु ल्याएर बेच्ने व्यवसाय पनि गर्थे । भैरहवामा रहेका होटल तथा पसलहरु राम्रै चलेका थिए ।

बुवाले गरेको व्यवसायलाई निरन्तरता दिँदा भविष्य छैन भन्ने लागेर उनले आफैं केही गर्ने सोंच बनाएर जापान प्रवेश गरेको बताउँछन् । रेस्टुरेन्टमा काम गर्ने सिलसिलामा उनले एक जापानी युवतीसँग २७ वर्षको उमेरमा प्रेम विवाह गरेका थिए। शेरचनको विवाहसँगै नयाँ जीवनको शुरुवात भएको अनुभव सुनाउँछन् ।

जापानी नागरिक भएपनि उनकी श्रीमतीले विदेशमा उच्च शिक्षा हासिल गरेकी थिइन्, जसले गर्दा उनको अंग्रेजी भाषामा राम्रो ज्ञान थियो । शेरचनको श्रीमतीलाई आफ्नो देशको संस्कृति अरुलाई बुझाउने विषयमा रुची थियो, सो रुची दुवैको साझा जस्तो बन्यो । यसैक्रममा उनीहरुले एउटा साँस्कृतिक विद्यालय खोल्न पुगे । उनीहरुले सो विद्यालयमा अंग्रेजी लगायतका विभिन्न भाषाको कक्षा शुरुवात गर्न थाले ।

त्यसबेला पत्रपत्रिकाको उति चलन थिएन पत्रपत्रिकाहरु व्यापक थिएनन् । 'माउथ टु माउथ' प्रचार गर्दै हुने गर्दथ्यो । एकदिन उनीहरुको स्कुलको बारेमा एउटा स्थानीय पत्रिकामा समाचार प्रकाशन भएपछि स्कुल सोचेभन्दा राम्रो चल्न थालेको शेरचन सुनाउँछन् ।

तर, सुख र खुसीहरुको सुरुवात हुँदै गरेको शेरचनको जीवनमा अचानक ठूलो बज्रपात आइपर्यो । उनकी ३९ वर्षीय श्रीमतीलाई क्यान्सरले लग्यो । शेरचन एक्लै भए । दुईजनाको मन मिलेर खोलेको स्कुल एक्लै सम्हाल्नुपर्ने अवस्था आयो । श्रीमतीको यादसँगै केहीवर्ष उक्त स्कुल चलाए । पछि आफ्ना भाईहरुसँग मिलेर एउटा बार खोले करिब १३० देशका विभिन्न ब्रान्डका बियरहरु र खानेकुराहरु बिक्री गरिने उक्त बार पनि सोचेभन्दा राम्रो चल्न थाल्यो । फेरि उनले इटालियन रेष्टुरेन्ट खोले त्यो पनि राम्रो चल्यो ।

आफ्नी श्रीमतीको याद बोकेर उनी एकपछि अर्को व्यवसायको उकालो यात्रा गर्दै गए असफलता भने कतै भोग्नपरेन जुन काममा हात हाल्यो त्यो फलिफाप हुँदै गयो । मानौं कुनै चमत्कार हुँदैछ जस्तो । अहिले उनले आफ्नो रेस्टुरेण्ट व्यवसायलाई जापानभर फैलाएका छन् उनले जापानभर २५ आउटलेटहरु सञ्चालन गरिरहेका छन् ।

# असोज २१ गतेदेखि सुपथ मूल्य पसल

## खाद्य व्यवस्था तथा व्यापार कम्पनीले ४८ ठाउँमा स्टल राख्ने

**नारायण अर्याल / मध्यान्ह**
काठमाडौं, १३ असोज ।





चाडबाड लक्षित सहुलियत मूल्य पसल असोज २१ गतेदेखि मङ्सिर ३ गतेसम्म सञ्चालन हुने भएको छ । चाडबाडमा आम उपभोक्ताहरुको हितलाई ध्यानमा राखेर सुपथ मूल्य पसल सञ्चालन गर्न लागिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ । सुपथ मूल्य पसलबाट बजार मूल्य नियन्त्रण र गुणस्तरीयता कायम गरी सरल, सहज र सर्वसुलभ रुपमा सामग्री उपलव्ध गराउने उद्देश्य मन्त्रालयले राखेको छ । अधिकांश नेपालीहरुले मनाउने ठूलो चाडबाडको समयमा निजी क्षेत्रको मात्रै एकाधिकार नहोस भनेर सरकारले धेरै वर्षदेखि सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको छ ।

उद्योग, वाणिज्य, तथा आपूर्ति मन्त्रालयको मातहतका खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको दुग्ध विकास संस्थानको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालनमा ल्याउने छन् । सुपथ मूल्य पसलमा आम उपभोक्ताहरुको दैनिक आधारभूत आवश्यकतासँग जोडिने चामल, दालहरु, गहुँ, आटा, पिठो, मैदा, तोरीको तेल, सनफ्लावर तेल, भट्मासको तेल र चिउरामा बजार मूल्यभन्दा प्रतिकिलो ७ रुपैयाँले सस्तो मूल्यमा बिक्री वितरण गर्ने जनाइएको छ । साथै सुलभ मूल्य पसलमा उपभोक्ताहरुले कर्णालीको सिमी तथा गेडागुडीहरु, फापरको दाना, चिनो, कागुनो र उवा र जिउँदो खसी, बोका तथा च्यांग्रामा प्रतिकिलो १० रुपैयाँ छुट प्राप्त गर्न सक्नेछन् ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडकी सूचना अधिकारी सर्मिला न्यौपानेले यस वर्षको दशैं तिहार लक्षित सुपथ मूल्य पसल कम्पनीले गत वर्षको तुलनामा बढाएर सञ्चालन गर्न लागेको बताइन् । कम्पनीले गत वर्ष ४१ जिल्लाको ४५ स्थानबाट सुपथ मूल्य पसल सञ्चालन गरेको थियो । उनले कम्पनीले विगतको झैं यसवर्षपनि तीन हजार संख्यामा खसीबोका र च्यांग्रा ल्याउने तयारी गरेको बताइन् ।

'हामीले यो वर्ष ४२ वटा जिल्ला कभर गर्नेगरी ४८ वटा स्थानबाट सञ्चालन गर्दै छौं, ती पसलमा चामल, दाल र तेलमा ७ रुपैयाँ प्रतिकजी छुटको व्यवस्था मिलाएका छौं', उनले भनिन्, 'कर्णालीका सिमि, फापर जस्ता वस्तुहरुमा प्रतिकेजी १० रुपैयाँ छुटको व्यवस्था हुनेछ ।' अधिकारी न्यौपानेका अनुसार ज्यूँदो खसी बोकामा पनि प्रतिकेजी १० रुपैयाँ छुट दिने बताइन् ।

न्यौपानले खसी बोका तथा च्यांग्रा खरिदको प्रकृया अगाडि बढीसकेको र दशैं घटस्थापनाको असोजको २८/२९ सम्म बिक्री स्थलसम्म आइपुग्ने बताइन् । खसीबोका र च्यांग्रा आइपुगेको भोलिपल्टबाट बिक्री प्रारम्भ गर्ने समेत उनले बताइन् । कम्पनीले गत वर्षपनि सोही संख्यामा खसीबोका तथा च्यांग्राको आयात गरेको थियो ।

उनले बजारमा मूल्यलाई नियमन गर्नको लागि आफूहरुको भूमिका रहने तर, सम्पूर्ण बजारको मागलाई थेग्ने हिसाबले व्यवसाय गर्ने भन्ने लक्ष्य नरहेको बताइन् । 'मुख्य हाम्रो उद्देश्य भनेको बजारमा मूल्यलाई नियमन गर्न सहयोग गर्ने भन्ने मात्रै हो, सबै माग खाद्यले नै धान्ने भन्ने हुँदैन', उनले भनिन्, 'बजारमा काठमाडौं उपत्यकामा ४५ हजार खसीबोका तथा च्यांग्राको माग हुने गरेकोमा हामीहरुले तीन हजार संख्या मात्रै माग गरेका छौं ।'

न्यौपानलेले कम्पनीको अनलाईन बिक्री केन्द्रलाई पनि व्यवस्थित गर्दै लैजान खोजिएको बताइन् । उनले अहिले नै कम्पनीले अनलाईन सेवालाई आक्रामक रुपमा विस्तार नगरेको भएपनि विस्तारै अगाडि बढाइरहेको तर्क गरिन् ।

दूग्ध विकास संस्थानले पनि सञ्चालन गर्ने सुपथ मूल्य पसलमा घ्यूमा प्रतिकिलो २०, पनीर प्रति दुई सय ग्राममा २० र प्रति पाँच सय ग्राममा ५० रुपैयाँ छुट दिने जनाएको छ । त्यस्तै, साल्ट ट्रेडिङ कर्पोरेसनलले चिनी प्रतिकिलो ९७ मा बेच्नेछ भने बजार मूल्यको तुलनामा नुनमा प्रतिकिलो दुई र तेल तथा चिउरामा प्रतिकिलो सात छुट दिनेछ ।

यसवर्ष सहुलियत मूल्य पसल सञ्चालनका लागि सरकारले खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई दुई करोड ३२ लाख २० हजार र साल्ट ट्रेडिङ कर्पोरेसनलाई एक करोड रुपैयाँ छुट्याएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङको काठमाडौं उपत्यकामा रहेका आठ वटा बिक्री केन्द्र र तीन वटा घुम्ती पसल समेत गरी जम्मा ३५ स्थानमा बिक्री स्थल रहनेछ । सुपथ मूल्य पसलहरु आवश्यकतानुसार थप जिल्ला र स्थानहरुमा पनि सञ्चालन गर्न सकिने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ । साथै मन्त्रालयले पसलहरुको प्रभावकारीताको विषयमा अनुगमन गर्न समिति समेत बनाएको छ ।


# पेट्रोलियम पदार्थको मूल्य वृद्धि

**काठमाडौं / मस -** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ । शनिबार बसेको निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर २, डिजेल र मट्टितेलमा प्रतिलिटर ६ र खाना पकाउने ग्यासमा प्रतिसिलिण्डर २१५ रुपैयाँ बढाउने निर्णय गरेको हो । त्यस्तै हवाइ इन्धन आन्तरिक र अन्तर्राष्ट्रिय दुबैमा प्रतिलिटर ८ रुपैयाँ बढाइएको छ ।

यो वृद्धिसँगै ग्यासको मूल्य प्रतिसिलिण्डर २११० रुपैयाँ पुगेको छ । पेट्रोलको मूल्य पहिलो वर्ग (चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपोबाट बिक्री हुने ठाउँ) मा प्रतिलिटिर १८२.५ रुपैयाँ, दोस्रो बर्ग (सुर्खेत र दाङ) मा १८४ रुपैयाँ र काठमाडौं, पोखरा र दिपायलमा १८५ रुपैयाँ पुगेको छ ।

त्यस्तै, डिजेलको मूल्य पहिलो वर्गमा १७६.५, दोस्रो वर्गमा १७८ र तेस्रो वर्गमा १७९ रुपैयाँ प्रतिलिटर कायम भएको छ । आन्तरिकतर्फको हवाइ इन्धनको मूल्य प्रतिलिटर १४४ रुपैयाँ र अन्तर्राष्ट्रियको मूल्य १.०९५ अमेरिकी डलर कायम भएको छ । बढेको मूल्य शनिबार राति १२ बजेपछि लागू हुनेछ ।







## Invitation for Bids

### Khotehang Rural Municipality

**Khotang, Koshi Province**

**Publication date : 2080/06/14 (01st October, 2023)**

Khotehang Rural Municipality, Khotang invites Single Stage Double Envelope Electronic Bids form eligible bidders for the construction of works mentioned in table below under National Competitive Bidding Procedures.

Bidder should deposit the Fee of bidding document in the office revenue account as specified below.

**Name of the Bank** : **Rastriya Banijya Bank, Khotang Bazar**
**Name of Office** : **Khotehang Rural Municipality, Khotang**
**Revenue Account no.** : **2380100301010001**

| S. N. | Contract No | Name of Work | Minimum Average Annual Turnover required in best 3 years Over the last 10 years (NRs.) (excluding VAT) in millions | Minimum Bid Capacity (NRs.) in millions | Bid Security Amount (NRs.) | Bid Validity Period (Days) | Fee(non-refundable) for Bidding document (NRs.) |
|---|---|---|---|---|---|---|---|
| a | KRM/Works/ NCB-01/080-081 | Khotang Pamakham Bhanjyang Sadak Sanrachana Nirman | 31.94 | 21 | 5,32,000 | 90 | 5000 |
| b | KRM/Works/ NCB-02/080-081 | Sawa Khola Motorable Bridge Nirman | 25.89 | 31 | 9,00,000 | 90 | 5000 |
| c | KRM/Works/ NCB-03/080-081 | Rasuwa Pandhare Sadak Sanrachana Nirman | 28.75 | 19 | 4,80,000 | 90 | 5000 |

| S.No | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| 1. | 2080-07-14 B.S. (Tuesday, 31th October, 2023 Time : Within 12:00 hr | 2080-07-14 B.S. (Tuesday, 31th October, 2023 Time : Within 13:00 hr |

Eligible Bidders may visit PPMO's website www.bolpatra.gov.np/ppmo e-procurement section for further information or contact Khotehang Rural Municipality at email: khotehangmun@gmail.com

**Chief Administrative Officer**



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**